# रिज लाइन इनर्जी लिमिटेड
# Ridge Line Energy Ltd.

रजिष्टर्ड कार्यालय, ललितपुर महानगरपालिका-१, ललितपुर, फोन नं. ०१-५९००११४
(आयोजनाको नाम : **सुपर चेपे जलविद्युत आयोजना-९.०५ मे.वा.**)
वेवसाईटः https:www.ridgeline.com.np, इमेल : info@ridgeline.com.np

**को**

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.१,१८,५०,००,०००/- (एक अर्ब अठार करोड पचास लाख) को २२% अर्थात् रु.२६,०७,००,०००/- (छब्बिस करोड सात लाख) को २६,०७,००० कित्ता (छब्बिस लाख सात हजार) साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये यस विवरण मार्फत जारी पूँजीको १०% अर्थात रु.११,८५,००,०००/- (एघार करोड पचासी लाख) रकम बराबरको रु.१०० अंकित दरका ११,८५,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निष्काशन गरी बिक्री वितरण गरिने छ । सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.१,४२,२०,०००/- (एक करोड बयालिस लाख बिस हजार) रकम बराबरको रु.१००/- अंकित दरका १,४२,२०० कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निष्काशन गरी बिक्री वितरण गरिने छ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई तथा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि छुटयाईएका शेयर बाँडफाँड गरे पश्चात सर्वसाधारणलाई जारी पूँजीको १२% अर्थात रु.१४,२२,००,०००/- (चौध करोड बाइस लाख) रकम बराबरको रु.१००/- अंकित दरका १४,२२,००० कित्ता शेयरमध्ये २८,४४० कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको २ प्रतिशत) कर्मचारीहरुलाई र ७१,१०० कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ११,८०,२६० (एघार लाख असी हजार दुई सय साठी) कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

| आयोजना प्रभावित क्षेत्र | छुट्टाइएको शेयर संख्या | पुँजी रकम (रु) |
|---|---|---|
| प्रभावित क्षेत्र : गोरखा जिल्लाका अजिरकोट गाउपालिका को सम्पुर्ण वडाहरु र लमजुङ जिल्ला दुधपोखरी गाउपालिका को वडा नं. १, २, ३ तथा दोर्दी गाउपालिका को वडा नं. ४, ५, ६ | ११,८५,००० | ११,८५,००,०००/- |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।**

### कम्पनीको संक्षिप्त वित्तीय विवरण सम्बन्धी विवरण

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रति शेयर आम्दानी रु. | २१.५७ | १२.३० | ७.९२ | ८.०२ | ११.२२ | १२.५१ |
| प्रति शेयर नेटवर्थ रु. | १३६.६९ | १२६.३९ | १३१.३६ | १२५.०८ | १३६.२९ | १४८.७९ |
| संचित नाफा नोक्सान (रु हजारमा) | ८६,८७७.०२ | १५९,५५१.२७ | २८९,८५५.७३ | २९७,२५७.१२ | ४,३०,०७२.२४ | ५७८,२०६.७३ |
| प्रति शेयर आम्दानी रु. (IFRIC 12 बाहेक) | (२.१७) | ८.९२ | ७.९२ | ८.०२ | ११.२२ | १२.५१ |
| प्रति शेयर नेटवर्थ रु. (IFRIC 12 बाहेक) | ९२.२० | १०५.७५ | ११८.२८ | ११५.२२ | १२६.७५ | १३९.५९ |
| संचित नाफा नोक्सान (रु.हजारमा) (IFRIC 12 बाहेक) | (१८,४६८.३१) | ३४,७६९.७६ | १६८,९८९.०६ | १८०,३०५.३० | ३१७,०३५.२६ | ४६९,०८४.५९ |

| आयोजनाको नाम | उत्पादन क्षमता | कुल लागत रकम | प्रति मेगावाट लागत रकम | विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति |
|---|---|---|---|---|
| सुपर चेपे जलविद्युत आयोजना | ९.०५ मे.वा | रु.२ अर्ब ९ करोड ६० लाख | रु.२३ करोड १६ लाख | २०७८/०२/०७ |
| **अनुमति बहाल रहने मिति** | **विद्युत उत्पादन अनुमतिको बाँकी अवधी** | **साधारण लगानी फिर्ता हुने अवधी** | **डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी** | **परियोजना सरकारलाई हस्तान्तरण गर्ने मिति** |
| २११३/०२/०६ | ३० वर्ष ११ महिना | ७ वर्ष ४ महिना | १० वर्ष ९ महिना | २११३/०२/०६ |

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग ८ पृष्ठ नं. २४ र २५ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटीङ्ग नेपाल लिमिटेड पुतलीसडक, काठमाडौंबाट इस्यूवर रेटिङ्ग गराई CARE-NP BB(Is) [Double B (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ । CARE-NP BB(Is) ले "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै बित्तिय दायित्व भूक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" बुझिन्छ । केयर नेपाल लिमिटेडले CARE - NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ । यसको अर्थ CARE-NP BB (Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) पृष्ठ नं. ५५ मा उल्लेख गरिएको छ ।

**रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः सेप्टेबम्र १८,२०२५** **रेटिङ्ग ग्रेड बहाल रहने अवधिः अक्टोबर ८, २०२६**

» यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन बर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

» आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृती प्राप्त गरि विदेशमा रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागी छुट्याइएको शेयर सम्पुर्ण बिक्री नभए बराबरको शेयर सर्वसाधारणलाई मात्र निष्काशन गरिनेछ ।

» आयोजना प्रभावित, कर्मचारी र संस्थापक शेयरधनीका एकाघरको सदस्यले प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पुर्व संगठित संस्थाको शेयर प्राप्त गरेको शेयरधनीहरूले प्रारम्भिक सार्वजनिक निष्काशनको क्रममा दरखास्त दिने पाइने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति : **२०८२/०८/२२** | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : **२०८२/०८/२८**

विद्युत नियमन आयोगबाट कम्पनीको शेयरको सार्वजनिक निष्काशनको लागि सहमति प्रदान गरिएको मिति : **२०८२/०३/०४**

| धितोपत्र निष्काशन खुल्ला हुने मिति | |
|---|---|
| **आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि** | **विदेशमा बसी रोजगार गरेका नेपालीहरुका लागि** |
| **धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/०९/१३** | **धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/०९/१३** |
| **निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/०९/२८ (बैंकिङ्ग समय पश्चात)** | **निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/०९/१७ (बैंकिङ्ग समय पश्चात)** |
| **निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/१०/१२ (बैंकिङ्ग समय पश्चात)** | **निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/०९/२८ (बैंकिङ्ग समय पश्चात)** |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४१६९१००, ५९७०२००
**Email : info@prabhucapital.com**
**Web: www.prabhucapital.com**

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

**क)** **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

**ख)** **"धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंलाई सम्झनु पर्दछ ।

**ग)** **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिबेञ्चर वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बोण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

**घ)** **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्कासनकर्ता कम्पनी **रिज लाइन इनर्जी लिमिटेड,** ल.म.न.पा-१, ललितपुरलाई सम्झनु पर्छ ।

**ङ)** **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासन (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका हकमा समेत) को लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

**च)** **"निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

**छ)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्छ ।

**ज)** **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले **रिज लाइन इनर्जी लिमिटेड**को संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्छ ।

**झ)** **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

**ञ)** **"स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात गोरखा जिल्लाको अजिरकोट गाउपालिकाका स्थाई बासिन्दाहरु र लमजुङ जिल्ला दुधपोखरी गाउपालिका को वडा नं. १, २, ३ तथा लमजुङ जिल्ला दोर्दी गाउपालिका को वडा नं. ४, ५, ६ स्थाई बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

**ट)** **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

**ठ)** **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरूको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ ।

**ड)** **"लगानी फिर्ता हुने अवधि (Pay Back Period)"** भन्नाले लगानीकर्ताले आफुले लगानी गरेको रकम फिर्ता भुक्तानी हुने अवधी भन्ने सम्झनु पर्दछ । जसलाई वर्षमा व्यक्त गरिन्छ । "साधारण लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफल लाई जनाउँदछ र "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादर द्वारा Discount Rate वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ ।

**ढ)** **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री मुक्तिनाथ क्यापिटल लिमिटेडलाई सम्झनु पर्छ ।

**ण)** **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

त) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

थ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको कर पछिको खुद नाफालाई जम्मा कायम शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

द) **"वैदेशिक रोजगारी"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सम्झनु पर्दछ ।

ध) **"विप्रेषण (रेमिटयान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न प्राप्त आश्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स) बचत खाता सम्झनुपर्छ ।

## ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल; वेवसाइट : www.prabhucapital.com<br>फोन नं.: ०१-४१६९१००, ५९७०२०० |
| २. | रिज लाइन इनर्जी लिमिटेड,ल.म.न.पा-०१,ललितपुर वेवसाइट : www.ridgeline.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइटः www.sebon.gov.np |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ :** |
| १. | **आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा :**<br>१. रिज लाइन इनर्जी लिमिटेड आयोजना कार्यालय, गोरखा ।<br>२. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https://ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन् ।<br>३. प्रभु बैंक लिमिटेड छेपेटार शाखा गोरखा ।<br>४. प्रभु बैंक लिमिटेड पालुङ्टार शाखा गोरखा ।<br>५. ग्लोबल आईएमई बैंक लिमिटेड दोर्दी शाखा, लमजुङ ।<br>६. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड भच्चेक शाखा, गोरखा ।<br>आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ । |
| २. | **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**<br>नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |
| ३. | **सर्वसाधारण शेयरधनीहरुको हकमा :**<br>नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सिआश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ |

## ग.१. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई कम्पनी तथा यसका संचालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा उक्त कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सकारात्मक हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरुप तोकिएको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण :

### ग.२.क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी संचालक समितिको निर्णयबाट समेत पमरित गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्कासन तथा बिक्री प्रबन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२.ख. संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :

यस रिज लाईन इनर्जी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०८१/८२ सम्मको विवरणहरु पेश गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०५/१७ मा सो आ.व. सम्म कम्पनी अध्यावधिक रहेको साथै आ.व. २०८१/८२ को सन्दर्भमा वित्तिय विवरण लेखापरिक्षबाट प्रमाणित गरि मिति २०८२/०५/०४ गतेको साधारण सभाबाट पारित भैसकेको र कम्पनी रजिष्ट्रारको कार्यालयमा अध्यावधिक भैसकेको जानकारी गराउँदछौं ।

### ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :

(१) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दशवर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम :** रिज लाइन इनर्जी लिमिटेड (Ridge Line Energy Ltd.)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं ०१ रहेको छ । आवश्यक परेको खण्डमा सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र गोरखा जिल्लाको अजिरकोट गाउँपालिका वडा नं.२ र लमजुङ जिल्ला दुधपोखरी गाउँपालिका वडा नं.१ रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०७३/१०/२६ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा **रिज लाइन इनर्जी प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई** कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले **मिति २०७९/०२/२५ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत** भई **रिज लाइन इनर्जी लिमिटडले मिति २०७९/०३/३१ बाट कम्पनी रजिष्टारको कार्यालयबाट कारोबार स्विकृती प्राप्त गरी कम्पनीले** कारोबार संचालन गर्दै आएको कम्पनी हो । कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

२) हाल यस कम्पनीमा ५१० जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र, निर्माण, परामर्श एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका व्यक्तित्वहरु रहेका छन् ।

३) यस कम्पनीले गोरखा जिल्लाको अजिरकोट गाउँपालिका वडा नं.२ र लमजुङ जिल्ला दुधपोखरी गाउँपालिका वडा नं.१ स्थित जलविद्युत आयोजनाबाट ९.०५ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७८/०२/०७ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो ।

४) कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७५ चैत्र १९ मा भएको सुपर चेपे जलविद्युत आयोजना ९.०५ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता (PPA) तथा सो सम्झौतामा मिति २०८०।०३।२८ मा भएको पाचौ संशोधन अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०८१ जेठ ३१ गते (तदनुसार जुन १५, २०२४) वा दफा १५ अनुसारको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा विद्युत नियमन आयोगको सहमति बमोजिम व्यापारीक उत्पादन शुरु गर्नुपर्ने भनी तोकीएको मिति सम्झनु पर्दछ ।

५) कम्पनीले निर्माण गरेको सुपर चेपे जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७५ चैत्र १९ मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । सम्झौता अनुरुप आयोजनाले मिति २०८०।१०।०८ देखी व्यवसायीक उत्पादन गरी राष्ट्रिय प्रसारण लाईनमा जडान गरी बिक्री गरि रहेको छ । कम्पनीले उत्पादन गरेको विद्युत निम्न अनुसारको प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको सवस्टेशनमा गई जडान हुन्छ ।

| | |
|---|---|
| उत्पादन गरेको विद्युत लाईन जडान हुने सवस्टेशनको नाम र क्षमता | नेपाल विद्युत प्राधिकरणको किर्तिपुर सबस्टेशन, दोर्दी लमजुङमा १३२ के.भी. |
| विद्युत गृह देखि सवस्टेशन सम्मको दुरी | १९.७२ कि.मी |
| विद्युत प्रशारणको लागि प्रयोग भएको खम्बा | २७७ वटा |
| भोल्टेज लेबल | उच्चमा ३६ के.भी र रेटेड ३३ के.भी |
| निमार्णको प्रगती | सम्पूर्ण कार्यहरु सम्पन्न गरी मिति २०८०।१०।०८ देखी व्यवसायीक उत्पादन शुरु गरेको |
| प्रशारण लाईनको अनुमती मिति | २०७५ पुष ०८ |

६) सुपर चेपे जलविद्युत आयोजना (९.०५ मे.वा.) को मिति २०७८/०२/१३ मा नेपाल सरकार, ऊर्जा मन्त्रालय, बिद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७७/७८ वि.उ. ३४१) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २११३/०२/०६ गते सम्म बहाल रहेको ले ३० वर्ष ११ महिना बाँकी रहेको छ।

७) यस सुपर चेपे जलविद्युत आयोजना निर्माण सम्पन्न हुँदा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु.२ अर्व ९ करोड ६० लाख रहेको छ।

८) आयोजना कार्यन्वयनको मुख्य फाईदाहरु
क) आयोजना क्षेत्रमा आर्थिक क्रियाकलापको विकास
ख) स्थानिय वासिन्दाहरुलाई रोजगारीको अवसर
ग) प्रसारण लाईन निमार्ण सम्वन्धमा नयाँ सिपको विकास

९) कम्पनीले गोरखा जिल्लाको अजिरकोट गाउँपालिका वडा नं.२ र लमजुङ जिल्ला दुधपोखरी गाउँपालिका वडा नं.१ मा ९.०५ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०८०/१०/०८ गते देखि आयोजना व्यापारिक रुपमा संचालनमा आइरहेको छ। साथै कम्पनीले विभिन्न मितिमा गरेका सम्झौताको विवरणहरु निम्न अनुसार रहेका छन।

| क.सं. | सम्झौताको नाम | सम्झौता मिति | सम्झौता गर्ने संस्था | सम्झौताको बिषयवस्तु | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|---|
| १ | विद्युत खरिद बिक्रि सम्झौता | २०७५/१२/१९ | नेपाल विद्युत प्राधिकरण | जलविद्युत खरिद र बिक्रि गर्ने सहमति | २११३/०२/०६ |
| २ | आयोजना ऋण सम्झौता | २०७७/१२/२३ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | आयोजना निर्माणको लागि पूँजी व्यवस्थापन | ऋण बाँकि रहेसम्म |
| ३ | आईपिओका लागि शेयर प्रत्याभूति कर्ता नियुक्ती सम्बन्धि सम्झौता | २०८०/०५/२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | शेयर प्रत्याभूती गर्ने | सम्झौता बमोजिमको कार्य सम्पन्न नभए सम्म |
| ४ | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्झौता | २०७८/०६/१२ | प्रभु क्यापिटल लिमिटेड | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने | सम्झौता बमोजिमको कार्य सम्पन्न नभए सम्म |
| **क.सं.** | **इजाजतको नाम** | **इजाजत प्राप्त मिति** | **इजाजत दिने संस्था** | **इजाजतको विषयवस्तु** | **इजाजत वहाल रहने अवधि** |
| १ | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) | २०७६/११/११ | विद्युत विकास विभाग वातावरण शाखा | वातावरणीय मूल्याङ्कन | |
| २ | विद्युत उत्पादनको अनुमती पत्र | २०७८/०२/१३ | विद्युत विकास विभाग | विद्युत उत्पादन गर्ने | २११३/०२/०६ |
| ३ | उद्योग दर्ता | २०७७/१२/११ | उद्योग विभाग | जलविद्युत उत्पादन गर्ने | |
| ४ | कम्पनी दर्ता | २०७४/०९/१३ | कम्पनी रजिष्ट्रार कार्यालय | कम्पनी सञ्चालन गर्ने | |

| क्र.सं. | प्रबन्धपत्र नियमावली संसोधित | संचालक समिति निर्णय मिति | साधारण सभाबाट अनुमोदन भएको मिति | संसोधित दफा र विषयवस्तु | कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|---|
| १ | विशेष साधारण सभाको निर्णय बमोजिम | २०८१/११/०१ | मिति २०८१/११/२३ विशेष साधारण सभाबाट | प्रबन्धपत्रको दफा (६) ग, घ, ङ (१ र २) र नियमावलिको २७(२) | २०८१/१२/०७ |

**१०) प्रबन्धपत्र नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति, संशोधन स्वीकृत गर्ने साधारणसभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको विस्तुत विवरण प्रस्तुत गर्नुपर्ने :**

**(क) प्रवन्धपत्रतर्फ :**

| क्र.सं. | संशोधन भएको सम्बन्धीत दफा | संशोधनको विषय | संशोधन स्वीकृत गर्ने साधारण सभा/ विशेष साधारण सभाको मिति | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|
| १ | **दफा ६**<br>(ग) कम्पनीको संस्थापक/संचालकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु ९२,४३,००,०००/- ( बयानब्बे करोड त्रिचालिस लाख रुपैया) हुनेछ ।<br>(घ) कम्पनीले जारी पूँजीको २२ (बाइस) प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुटयाइएको छ ।)<br>(ङ) कम्पनीको जारी पूँजीको समुहगत शेयर स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>(१) संस्थागत समुहका शेयरधनीहरुलाई समुह "क" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ७८ (अठहत्तर्र) प्रतिशत हुनेछ ।<br>(२) सर्वसाधारणमा सार्वजनिक रुपमा बिक्रि गरिने शेयरका शेयरधनीहरुलाई समुह "ख" मा वर्गीकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व २२ (बाइस) प्रतिशत हुनेछ । प्रचलित कानुन, धितोपत्र सम्बन्धी ऐन, नियमावली, विनिमयावली, नीति वा निर्देशिकामा सर्वसाधारणलाई छुटयाइएको शेयरबाट कम्पनीबाट निर्माण वा सञ्चालित जलविद्युत आयोजनाबाट प्रभावित वासिन्दा, बैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कम्पनीका कामदार/कर्मचारी, सामुहिक लगानी कोष वा अन्य कसैलाई विभाजन गरी बिक्री वितरण गर्ने व्यवस्था गरिएको भएमा उक्त व्यवस्थालाई पालना गरी बाँकी रहेको शेयर सर्वसाधारणलाई बिक्रि गरिनेछ । तर जलविद्युत आयोजनाबाट प्रभावित वासिन्दा, बैदेशीक रोजगारीमा रहेका नेपालीहरु, कम्पनीका कामदार/कर्मचारी, सामुहिक लगानी कोष आदिलाई छुटयाइएका सम्पूर्ण शेयर बिक्रि नभई बाँकी हुन आएमा बाँकी हुन आएको शेयर सर्वसाधारणलाई बिक्रि गरिनेछ । | पूँजी वृद्धि | मिति २०८१/११/२३ को बिशेष साधारण सभाबाट पारित | २०८१/१२/०७ |

९ ख) नियमावलीतर्फ :

| क्र.सं. | संशोधन भएको सम्बन्धीत दफा | संशोधनको विषय | संशोधन स्वीकृत गर्ने साधारण सभा/विशेष साधारण सभाको मिति | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|
| | २७ (२) यस कम्पनीमा कम्तिमा १(एक) जना महिला सहित ७ (सात) जनाको सञ्चालक समिति हुनेछ; जसमा संस्थापक समुहबाट मनोनित/निर्वाचित ५(पाच) जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित १(एक) जना र स्वतन्त्र सञ्चालक १(एक) जना हुनेछ । | सञ्चालक संरचना (एक महिला सहित ७ जना सञ्चालक । जसमा ५ जना संस्थापक, सर्वसाधारण १ र स्वतन्त्र १) | मिति २०८१/११/२३ को बिशेष साधारण सभाबाट पारित | २०८१/१२/७ |

**११. आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :**

- **आयोजना स्थल :** गोरखा जिल्लाको अजिरकोट गाउँपालिका वडा नं.२ र लमजुङ जिल्ला दुधपोखरी गाउँपालिका वडा नं.१
- **श्रोत नदी :** चेपे खोला
- **आयोजनाको किसिम :** रन अफ रिभर
- **डिजाइन डिस्चार्ज :** २.०५ घन मिटर प्रति सेकेण्ड
- **उत्पादन हुने इनर्जी :** ५४.७५६ (GWh)
- **आयोजनाको उत्पादन क्षमता :** ९.०५ मेगावाट
- **ग्रस हेड :** ५५० मिटर
- **डाइभर्सन बाँध :** लम्बाई १.५ मिटर, उचाई १.५ मिटर
- **अप्रोच क्यानल :** लम्बाई ३.५ मिटर, चौडाई २.१५ मिटर, उचाई ०.७५ मिटर
- **सेट्टलिङ्ग वेसिन :** ४० मिटर लम्बाई, ४ मिटर चौडाई, ३.८ मिटर उचाई
- **सर्ज टंकी :** तल्लो टंकी ३ मिटर व्यास र लम्बाई २४ मिटर, र माथिल्लो टंकी २.५ मिटर व्यास र लम्बाई २४ मिटर, २ मिटर व्यास को सर्ज पाईप
- **स्टील पेनस्टक पाईप :** लम्बाई १०८७ मिटर, मोटाई ८ देखि २४ मि.मि, व्यास ९०० मि.मि.
- **पावरहाउस :** लम्बाई ३० मिटर, चौडाई १६ मिटर, उचाई १३.८ मिटर
- **टेलरेस :** लम्बाई ४० मिटर, चौडाई १.५ मिटर, उचाई १.५ मिटर
- **टर्वाइन :** संख्या २, प्रति टर्वाइन आउटपुट ४.७६६ MW
- **जेनेरेटर :** संख्या २, ५३८५ KVA Per Unit
- **ट्रान्सफर्मर :** ६ MVA
- **ट्रान्समिसन लाईन :** ३३ KV, १९.७२ कि.मि.लम्बाई
- **आयोजनाको लागत :** रु.२,०९६,००६,६९०/- (IDC समेत) (आयोजना सम्पन्न भैसकेको)

**आयोजनाको व्यापारीक उत्पादन शुरु भएको वर्षलाई आधार वर्ष मान्दा कम्पनीको वित्तिय परिसुचक -**

| | |
|---|---|
| आयोजनाको कूल लागत निर्माण अवधिको ब्याज समेत | रु.२,०९६,००६,६९०/– |
| आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत | रु.२३१,६०२,९४९/– |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) | ७ वर्ष ४ महिना |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) | १० वर्ष ९ महिना |
| Net Present Value (NPV) | रु ८५,८५,५५,२६७ /- |
| Internal Rate of Return (IRR) | १५.४५ प्रतिशत |

नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तिसौं वर्षको नगद प्रबाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रबाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको छ । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधिअनुरुप गणना गरिएको छ ।

**Net Present Value (NPV)** तथा **Internal Rate of Return (IRR)** गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flow t1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

where,
r = Discount rate
t = Number of time periods

2. IRR = $\frac{Ct - C0}{(1+r)t}$

Where,
Ct = Net cash inflow during the period t
C0= Total initial investment costs
r = Discount rate

## रिज लाइन इनर्जी लिमिटेड
## सुपर चेपे जलविद्युत आयोजना ( ९.०५ मे.वा.)

**Cash Inflows from Profit (Project Life: 30 Years)**
**Cost of Capital: 10% (Presumed)**

| वर्ष | लगानी | कर पछिको आम्दानी | ह्रासकट्टी | ब्याज | खुद नगद प्रवाह | संचय नगद प्रवाह (छुट बिना) | PVF @ 10% | एछ खुद नगद प्रवाह | संचय छुट नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष १ (२०८०-८१) | (२,०७८,७२१,३९०) | ७,४३,५५,४२८ | १,७८,२३,१५५ | ३,४५,१६,५९५ | (१,९५,२०,२६,२१२) | (१,९५,२०,२६,२१२) | १.००००० | (१,९५,२०,२६,२१२) | (१,९५,२०,२६,२१२) |
| वर्ष २ | - | ७,३२,२२,४८० | ७,०२,०३,१५५ | १०,९९,६२,२७४ | २५,३३,८७,९०९ | (१,६९,८६,३८,३०३) | ०.९०९०९ | २३,०३,५२,६४४ | (१,७२,१६,७३,५६७) |
| वर्ष ३ | - | ९,५०,३७,१८७ | ७,०६,२०,८६४ | ११,२८,१७,३७७ | २७,८४,७५,४२८ | (१,४२,०१,६२,८७५) | ०.८२६४५ | २३,०१,४४,९८२ | (१,४९,१५,२८,५८५) |
| वर्ष ४ | - | १३,२९,२८,१२० | ७,०४,८९,८३९ | १०,१७,५०,३६५ | ३०,५१,६८,३२४ | (१,११,४९,९४,५५१) | ०.७५१३१ | २२,९२,७७,४७९ | (१,२६,२२,५१,१०७) |
| वर्ष ५ | - | १४,८२,४७,४८६ | ७,०३,९१,३६८ | ९,४५,४९,२०० | ३१,३१,८८,०५४ | (८०,१८,०६,४९७) | ०.६८३०१ | २१,३९,११,६५५ | (१,०४,८३,३९,४५२) |
| वर्ष ६ | - | १६,५१,९३,१७७ | ७,०३,१७,३५३ | ८,६६,३१,४११ | ३२,२१,४१,९४१ | (४७,९६,६४,५५६) | ०.६२०९२ | २०,००,२४,८०० | (८४,८३,१४,६५२) |
| वर्ष ७ | - | २१,०६,६६,८१७ | ६,९८,६७,७५२ | ७,७९,४८,८५२ | ३५,८४,८३,४२१ | (१२,११,८१,१३५) | ०.५६४४७ | २०,२३,५४,५४५ | (६४,५९,६०,१०६) |
| वर्ष ८ | - | २४,९०,५४,२५४ | ६,९८,२५,९१७ | ६,८४,३३,२१८ | ३८,७३,१३,३८९ | २६,६१,३२,२५४ | ०.५१३१६ | १९,८७,५३,०१० | (४४,७२,०७,०९६) |
| वर्ष ९ | - | २६,९२,१३,८८९ | ६,९७,९४,४५८ | ५,७९,७३,१७९ | ३९,६९,८१,५२६ | ६६,३१,१३,७८० | ०.४६६५१ | १८,५१,९४,८१२ | (२६,२०,१२,२८५) |
| वर्ष १० | - | २४,६९,५०,९९६ | ६,९७,७०,७९७ | ४,६४,७५,००८ | ३६,३१,९६,८०१ | १,०२,६३,१०,५८१ | ०.४२४१० | १५,४०,३०,८९८ | (१०,७९,८१,३८६) |
| वर्ष ११ | - | २५,२५,४९,०८५ | ६,९७,५२,९९९ | ३,३८,३५,६७० | ३५,६१,३७,७५४ | १,३८,२४,४८,३३५ | ०.३८५५४ | १३,७३,०६,५२१ | २,९३,२५,१३५ |
| वर्ष १२ | - | २५,८३,११,४१० | ६,९७,३९,६०७ | १,९९,४१,९०९ | ३४,७९,९२,९२६ | १,७३,०४,४१,२६१ | ०.३५०४९ | १२,१९,६९,३९७ | १५,१२,९४,५३२ |
| वर्ष १३ | - | २७,०१,५६,२३९ | ६,९७,२९,५३० | ५०,१४,१६६ | ३४,४८,९९,९३५ | २,०७,५३,४१,१९५ | ०.३१८६३ | १०,९८,९५,७४८ | २६,११,९०,२८० |
| वर्ष १४ | - | २६,७१,७१,१९१ | ६,९७,२१,९४४ | - | ३३,६८,९३,१३५ | २,४१,२२,३४,३३० | ०.२८९६६ | ९,७५,८५,९४१ | ३५,८७,७६,२२१ |
| वर्ष १५ | - | २३,६३,१७,०६१ | ६,९७,१६,२३३ | - | ३०,६०,३३,२९४ | २,७१,८२,६७,६२४ | ०.२६३३३ | ८,०५,८८,१३१ | ४३,९३,६४,३५३ |
| वर्ष १६ | - | २०,३९,३१,३०३ | ६,९७,११,९३३ | - | २७,३६,४३,२३६ | २,९९,१९,१०,८६० | ०.२३९३९ | ६,५५,०८,०१५ | ५०,४८,७२,३६८ |
| वर्ष १७ | - | १३,९४,२५,१८६ | ६,९७,०८,६९४ | - | २०,९१,३३,८८० | ३,२०,१०,४४,७४० | ०.२१७६३ | ४,५५,१३,६२६ | ५५,०३,८५,९९३ |
| वर्ष १८ | - | १३,८०,७३,८४९ | ६,९७,०६,२५३ | - | २०,७७,८०,१०२ | ३,४०,८८,२४,८४२ | ०.१९७८४ | ४,११,०८,१८५ | ५९,१४,९४,१७९ |
| वर्ष १९ | - | १३,६६,५६,३२५ | ६,९७,०४,४१४ | - | २०,६३,६०,७३९ | ३,६१,५१,८५,५८१ | ०.१७९८६ | ३,७१,१५,७९३ | ६२,८६,०९,९७१ |
| वर्ष २० | - | १३,५१,६९,७०६ | ६,९७,०३,०२७ | - | २०,४८,७२,७३३ | ३,८२,००,५८,३१४ | ०.१६३५१ | ३,३४,९८,३२९ | ६६,२१,०८,३०० |
| वर्ष २१ | - | १३,३६,१०,९१२ | ६,९७,०१,९८१ | - | २०,३३,१२,८९३ | ४,०२,३३,७१,२०६ | ०.१४८६४ | ३,०२,२१,१६६ | ६९,२३,२९,४६६ |
| वर्ष २२ | - | १३,१९,७६,६८९ | ६,९७,०१,१९२ | - | २०,१६,७७,८८१ | ४,२२,५०,४९,०८७ | ०.१३५१३ | २,७२,५२,८४७ | ७१,९५,८२,३१४ |
| वर्ष २३ | - | १३,०२,६३,६१२ | ६,९७,००,५९७ | - | १९,९९,६४,२०९ | ४,४२,५०,१३,२९७ | ०.१२२८५ | २,४५,६४,७९८ | ७४,४१,४७,१११ |
| वर्ष २४ | - | १२,६९,१५,७५६ | ६,९७,००,१४८ | - | १९,६६,१५,९०४ | ४,६२,१६,२९,२०१ | ०.१११६८ | २,१९,५७,७०२ | ७६,६१,०४,८१३ |
| वर्ष २५ | - | १२,५०,३३,९७७ | ६,९६,९९,८०८ | - | १९,४७,३३,७८५ | ४,८१,६३,६२,९८६ | ०.१०१५३ | १,९७,७०,४६४ | ७८,५८,७५,२७७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष २६ | - | १२,३०,६१,९७८ | ६,९६,९९,५५२ | - | १९,२७,६१,५३० | ५,००,९१,२४,५१५ | ०.०९२३० | १,७७,९१,११८ | ८०,३६,६६,३९५ |
| वर्ष २७ | - | १२,०९,९५,५९० | ६,९६,९९,३५८ | - | १९,०६,९४,९४८ | ५,१९,९८,१९,४६३ | ०.०८३९१ | १,६०,००,३४६ | ८१,९६,६६,७४१ |
| वर्ष २८ | - | ११,८८,३०,४३६ | ६,९६,९९,२१२ | - | १८,८५,२९,६४८ | ५,३८,८३,४९,१११ | ०.०७६२८ | १,४३,८०,६०५ | ८३,४०,४७,३४६ |
| वर्ष २९ | - | ११,६५,६१,९३३ | ६,९६,९९,१०१ | - | १८,६२,६१,०३४ | ५,५७,४६,१०,१४५ | ०.०६९३४ | १,२९,१५,९६४ | ८४,६९,६३,३१० |
| वर्ष ३० | - | ११,४१,८५,२७१ | ६,९६,९९,०१७ | - | १८,३८,८४,२८८ | ५,७५,८४,९४,४३३ | ०.०६३०४ | १,१५,९१,९५७ | ८५,८५,५५,२६७ |
| | **(२,०७८,७२१,३९०)** | **४,९४,४०,६७,३४१** | | | **५,७५,८४,९४,४३३** | | | **८५,८५,५५,२६७** | |

| | |
|---|---|
| नेट प्रिजेन्ट भ्यालु (Net present Value) | रु ८५,८५,५५,२६७ /- |
| साधारण लगानी फिर्ता अवधि (Simple pay Back period) | ७ वर्ष ४ महिना |
| इन्रनल रेट अफ रिटर्न (Internal rate of return) | १५.४५% |
| डिस्काण्टेड लगानी फिर्ता अवधि (Discounted Pay) | १० वर्ष ९ महिना |

**Calculation of Cost of Capital: 10% (Presumed)**

| Assumptions | Figure Considered | In % Term |
|---|---|---|
| Rf (Risk Free Return in Nepal) * | 0.09 | 9% |
| B=Beta (Risk of Security) ** | 1.04 | |
| Rm=Market Rate of Return*** | 0.11 | 11% |
| Cost of Equity (Ke)=Rf+B(Rm-Rf) | | 11.07% |
| Cost of Debt (Kd) | | 9.5% |
| Weightage of Debt (Wd) | 0.70 | 70% |
| Weightage of Equity (We) | 0.30 | 30% |
| **Weighted Average Cost of Capital (WACC) (Ko)** | **=We*Ke+Wd*Kd** | **10%** |

*Risk free Return in Nepal has been computed on the basis of CEIC Data of Nepal Long Term Interest Rate i.e. 9%

** Beta (Risk of Security) has been computed on the basis of the average of the latest 3 months beta of listed companies having similar project capacity like Mid Solu Hydropower Limited, United Modi Hydropower Limited, Ridi Power Company Limited, Synergy Power Limited, Ingwa Hydropower Limited, Sagarmatha Jalbidhyut Company and Arun Valley Hydropower Limited.

***The Market rate of return is estimated using the 10-year average Compound Annual Growth Rate (CAGR) formula based on the NEPSE Index.

**१२. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

- विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरुहुने मिति (Commercial Operation Date) ले ३० (तीस) वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधीमध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।
- कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

| | | |
|---|---|---|
| कन्ट्रयाक्ट इनर्जी ९.०५ मे.वा. को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु भएको मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिकाअनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ । अवधि-व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मंसीर सम्म (रु. प्रति युनिट) |

| | | |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिना सम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिना सम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिना देखि ९६ औं महिना सम्म | १०।१६ | ५।८१ |
| ९७ औंमहिना देखि सम्झौता अवधि सम्म | १०।४२ | ५।९५ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु भएको मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्य बृद्धि दिईनेछ :

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

**आयोजनाहरुबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:**

| | |
|---|---|
| सुख्खा याम (मंसिर १६ देखि जेष्ठ १५ सम्मको) कूल इनर्जी (kWh) | १,७५,६१,७२६ |
| वर्षा याम (जेष्ठ १६ देखि मंसीर १५ सम्मको) कूल इनर्जी (kWh) | ३,७१,९४,४५७ |
| **जम्मा वार्षिक (kWh)** | **५,४७,५६,१८३** |

**कम्पनीको विद्युत उत्पादन सम्बन्धी विवरणहरु**

| S.N. | Month | Contract Energy (KWH) | Generated Energy (KWH) | (CONTRACT-GENERATED) Difference | Percentage Generated Vs Contract (%) | RATE | Contract Revenue (Rs.) | Generated Revenue(Rs.) | NEA Received Revenue(Rs.) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Magh, 2080 | 1,784,603.00 | 2,323,960.00 | 539,357 | 130.22% | 8.40 | 14,990,663.75 | 14,989,907.77 | 14,990,663.75 |
| 2 | Falgun, 2080 | 2,186,164.00 | 2,805,060.00 | 618,896 | 128.31% | 8.40 | 18,363,777.60 | 18,363,561.60 | 18,363,777.60 |
| 3 | Chaitra, 2080 | 2,031,129.00 | 3,144,540.00 | 1,113,411 | 154.82% | 8.40 | 17,061,483.60 | 21,731,869.80 | 21,618,090.14 |
| 4 | Baishak, 2081 | 2,705,911.00 | 2,851,150.00 | 145,239 | 105.37% | 8.40 | 22,729,652.40 | 23,338,144.20 | 23,339,656.20 |
| 5 | Jestha, 2081 | 6,536,851.00 | 3,687,260.00 | (2,849,591) | 56.41% | 8.40/ 4.80 | 42,407,821.20 | 23,657,460.00 | 23,651,064.00 |
| 6 | Asar, 2081 | 6,536,851.00 | 4,709,540.00 | (1,827,311) | 72.05% | 4.80 | 31,376,884.80 | 22,573,176.00 | 22,344,164.02 |
| 7 | Shrawan, 2081 | 6,536,851.00 | 5,409,780.00 | (1,127,071) | 82.76% | 4.80 | 31,376,887.73 | 25,956,900.00 | 25,535,955.98 |
| 8 | Bhadra, 2081 | 6,332,575.00 | 5,684,640.00 | (647,935) | 89.77% | 4.80 | 30,396,360.00 | 27,275,472.00 | 26,966,139.98 |
| 9 | Asoj, 2081 | 6,128,298.00 | 4,608,720.00 | (1,519,578) | 75.20% | 4.80 | 29,415,832.27 | 22,107,276.00 | 21,996,840.00 |
| 10 | Kartik, 2081 | 6,128,298.00 | 4,811,210.00 | (1,317,088) | 78.51% | 4.80 | 29,415,830.40 | 23,078,256.00 | 22,846,996.80 |
| 11 | Mangsir, 2081 | 4,526,317.00 | 5,092,270.00 | 565,953 | 112.50% | 4.80/ 8.40 | 29,873,691.74 | 31,530,799.87 | 31,542,923.70 |
| 12 | Poush, 2081 | 3,006,006.00 | 3,727,620.00 | 721,614 | 124.01% | 8.40 | 25,250,447.29 | 28,281,119.65 | 28,281,227.66 |
| 13 | Magh, 2081 | 2,433,550.00 | 2,874,100.00 | 440,550 | 118.10% | 8.40 | 20,441,814.00 | 22,290,723.10 | 22,292,127.10 |
| 14 | Falgun, 2081 | 2,186,164.00 | 2,758,060.00 | 571,896 | 126.16% | 8.65 | 18,914,690.93 | 21,388,281.02 | 21,065,372.98 |
| 15 | Chaitra, 2081 | 2,098,832.27 | 2,441,860.00 | 343,028 | 116.34% | 8.65 | 18,154,899.14 | 19,633,742.07 | 19,636,783.39 |
| 16 | Baishakh, 2082 | 2,705,911.00 | 2,865,660.00 | 159,749 | 105.90% | 8.65 | 23,406,130.15 | 24,093,761.83 | 24,096,245.83 |
| 17 | Jestha, 2082 | 6,332,575.00 | 4,354,040.00 | (1,978,535) | 68.76% | 8.65/ 4.94 | 42,650,913.29 | 29,799,182.70 | 29,804,357.70 |
| 18 | Asar, 2082 | 6,536,851.00 | 4,748,720.00 | (1,788,131) | 72.65% | 4.94 | 32,292,043.94 | 23,438,588.80 | 23,404,612.62 |
| 19 | Shrawan, 2082 | 6,332,575.00 | 6,375,390.00 | 42,815 | 100.68% | 4.94 | 31,282,920.50 | 31,386,189.55 | 31,237,215.46 |
| 20 | Bhadra, 2082 | 6,332,575.00 | 5,122,460.00 | (1,210,115) | 80.89% | 4.94 | 31,282,920.50 | 25,296,204.40 | 25,231,194.08 |
| 21 | Asoj, 2082 | 6,332,575.00 | 4,677,770.00 | (1,654,805) | 73.87% | 4.94 | 31,282,920.50 | 23,097,059.80 | Receivable |

कम्पनीको विद्युत उत्पादन क्षमता अनुसार विद्युत उत्पादन भैरहेको र नेपाल विद्युत प्राधिकरणको प्रशारण लाईनमा समस्या रहेकोले बर्खायाममा उत्पादन भएको विद्युत पूर्ण रुपमा बिक्री नभएको । यस कम्पनीको आयोजनाको अनुमती बहाल अवधि मिति २११३/०२/०६ मा समाप्त हुने भएकोले सो पश्चात यस आयोजनाका आयोजना सम्बन्धी सम्पूर्ण सम्पत्ती नेपाल सरकारलाई हस्तातरण हुने ।

**विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदाः**

कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पु¥याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।

साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनु पर्ने कार्यहरु सोही समयभित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सुचना दिई सकेपछि साइटको सयुक्त नापजाँचबाट उपकरणहरुको प्राविधिक सिमाभित्र रही गरिएकाः

क) आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणीकरण

ख) Black Start परीक्षण तथा

ग) उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधिसम्मको Off Grid Mode Operation test बाट व्यहोरा ठिक ठहरिएमा काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नुपर्नेछ :

**कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ :**

हर्जाना रकम रु.०.०५ X कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर ।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नुपर्ने रकमको पचास प्रतिशतभन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ । तर माथि उल्लेखित हर्जा सम्बन्धी व्यवस्थालाई व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (RCOD) को समग्र परिस्थितिको मूल्यांकन गरि न्यायोचित व्यवस्था गर्ने सकिनेछ ।

**विद्युत खरिद बिक्री**

१. (क) काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि प्रत्येक महिना आयोजनाबाट उत्पादन हुने Availability Declaration अनुसार कन्ट्रयाक्ट इनजी परिमाण सम्मको उर्जा खरीद गर्नु पर्ने छ ।

(ख) काबु बाहिरको परिस्थिति उत्पन्न भएमा खरीद गर्नु पर्ने उर्जाको हिसाब समानुपातिक आधारमा Prorata Basis मा निर्धारण गरिनेछ ।

(ग) कम्पनीले पनि आयोजनाबाट उत्पादित विद्युत शक्ति डेलिभरी प्वाइण्टसम्म पुर्‍याउने व्यवस्था मिलाउनु पर्नेछ ।

२. आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति प्राधिकरणको पूर्व स्वीकृति विना अन्य निकायलाई बिक्रि गर्न वा यस्तो अधिकार सुम्पिन पाइने छैन ।

३. आयोजनाबाट परीक्षण उत्पादनको क्रममा प्राधिकरणले प्राप्त गर्ने विद्युत उर्जा वापत प्राधिकरणले कम्पनीलाई कुनै रकम भुक्तानि गनुपर्ने छैन ।

**विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने**

१. प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । आ.व. वि.सं. २०८४/८५ सम्ममा आयोजनााबाट व्यापारिक उत्पादन शूरु भएमा प्राधिकरणले आषाढ देखि कार्तिक महिनासम्म प्रत्येक महिनामा कन्ट्रयाक्ट इनर्जीका परिमाण सम्मको Availability Declaration को ९० (नब्बे) प्रतिशत उर्जा खरिद गरि लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ । बाँकी १० प्रतिशत उर्जा Reserve Margin को रुपमा राखि भार प्रेषण केन्द्रको निर्देशन बमोजिम खरिद गर्न सक्नेछ । Reserve Margin को रुपमा राखिएको उक्त उर्जा सम्बन्धमा प्राधिकरणको भार प्रेषण केन्द्रको निर्देशन बमोजिम आयोजना संचालन गर्नु पर्दा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछैन । तर आ.व. वि.स २०८४/८५ सम्ममा आयोजनााबाट व्यापारिक उत्पादन शूरु नभएमा कनेक्सन एग्रिमेन्टको Minutes of Meeting को बुदा नं.१२ को १२.१.२ मा उल्लेखित अवस्था आइ परेमा प्राधिकरणको भार प्रेषण केन्द्रको निर्देशन बमोजिम आयोजना संचालन गर्नु पर्दा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछैन ।

२. कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ । क्षतिपूर्ति रकम रु.[०.८ X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत सभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रतिकिलोवाट घण्टा विद्युत उर्जा खरीद दर, यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ। क्षतिपूर्ति रकम बिल रकम भन्दा बढी भएमा बिल रकम भन्दा बढी भएको क्षतिपूति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन । यस्तो क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणले बिलको भुक्तानी दिदा कट्टा गर्न सक्नेछ ।

३. सुख्खायामको उर्जा बार्षिक सम्झौता उर्जाको ३० प्रतिशत वा सो भन्दा जतिसुकै बढी उल्लेख गरिएको भए तापनि आयोजना सञ्चालनमा आए पश्चात सुख्खायाममा न्यूनतम ३० प्रतिशत उर्जा आपूर्ति गरेको नपाइएमा क्षतिपूर्ति बाापत सुख्खायामको उर्जा ३० प्रतिशत हुने गरी हिसाब गर्दा हुन आउने कुल बार्षित उर्जाभन्दा बढी आपुर्ति भएको उर्जाबापतको कुनै रकम भुक्तानी गरिने छैन र भूक्तानी गरिसकेको अबस्थामा समेत सो रकम अर्को आर्थिक बर्षको मासिक बिलमा समायोजन गरिनेछ। उल्लेखित क्षतिपूर्तिबापतको रकम निर्धारण निम्न सुत्रको आधारमा गरिनेछ ।

**क्षतिपूर्ति बापत समायोजन गर्नुपर्ने रकम रु :**

= (कुल आपूर्ति गरिएको बार्षिक उर्जा -सुख्खायाममा आपूर्ति गरिएको जम्मा उर्जा/०.३०) X सो आर्थिक बर्षको बर्षयामको विद्युत उर्जा खरिद दर

तर सुख्खायामको ६ महिनाको उर्जा ३० प्रतिशत नपुगमा उक्त सुत्रको आधारमा निर्धाण हुने क्षतिपूर्ति र मासिक सम्झौता उर्जा आपूर्ति गर्न नसकेमा सो बापत निर्धारण हुने बर्षभरिको क्षतिपूर्ति रकममध्ये जुन बढी हुन्छ सो रकम समायोजन गरिनेछ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-**

**क) विद्युत आयोजनाको सम्भाब्यता अध्ययन गर्ने :-** विद्युतसंग सम्बन्धित ग्रामिण साना, लघु तथा ठुला जलविद्युत आयोजनाहरुको पहिचान गरि नेपाल सरकारसंग अनुमति लिई पुर्व सम्भाव्यता अध्ययन, अनुसन्धान तथा बातावरण प्रभावको मुल्याङकन EIA, Detail Project Reports (DPR) समेत तयार गरि बिद्यूत खरिद सम्मको सेवा दिने ।

**ख) बिद्युत आयोजनाहरु तथा प्रशारण लाईन निर्माण, संचालन तथा हस्तान्तरण गर्ने (BOT) :-** नेपाल सरकारसंग अनुमति प्राप्त गरि बिद्युत आयोजनाहरु (ग्रामिण साना, लघु तथा ठुला जलविद्युत उत्पादन गर्न) निर्माण गर्ने प्रसारण लाईन निर्माण गर्ने, संचालन गर्ने र नेपाल सरकारलाई सम्झौता बमोजिम निश्चित समयावधि पछि हस्तान्तरण गर्ने सो कार्यको लागि बिद्युत खरिदकर्तासंग खरिद सम्झौता (PPA) गरि उत्पादित बिद्युत बिक्री बितरण गर्ने ।

ग) **बिद्युत गृह लिजमा लिने वा खरिद गरि संचालन गर्ने :-** हाल संचालनमा रहेका साथै निर्माणधिन बिद्युत गृहहरु खरिद वा लिजमा लिई संचालन गर्ने र उत्पादित बिद्युत बिक्री बितरण गर्ने ।

घ) बिद्युत उत्पादन सम्बन्धि प्रविधि हस्तान्तरणको निमित्त अनुभवि एवं ख्याती प्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसंग मैत्रिपुर्ण सम्बन्ध स्थापना गरि कम्पनीलाई हित हुने बिषयहरुमा सम्झौता गर्ने, बिचारको आदान प्रदान गर्ने, सभा सेमिनारहरुको आयोजना गर्ने, तालिम प्रशिक्षण संचालन गर्ने तथा देशमा बिद्युत शक्तिको बिकासको लागी आवश्यक दक्ष जनशक्ति तयार पर्ने र आवश्यक परेमा यसका लागि बिदेशी बिशेषज्ञ बोलाउने वा आवश्यता अनुसार बिषयगत बिशेषज्ञताका लागि स्वदेशी जनशक्तिलाई बिदेशमा तालिममा पठाउने ।

ङ) निर्माणाधिन तथा बन्द भएको आयोजना संचालन गर्न लिजमा लिने मर्मत सम्भार आदी गर्ने ।

च) स्वीकृती लिई बिद्युत उत्पादनमा संलग्न हुन चाहने बिदेशी कम्पनीहरुसंग संयुक्त लगानी (Joint Venture) मा बिद्युत उत्पादनमा परियोजनाहरु संचालन गर्ने वा त्यस्ता कम्पनीको स्थानिय प्रतिनिधि (Local Agent) भई काम गर्ने ।

छ) बिद्युत आयोजना स्थलसम्म पुग्ने बाटो अन्य पुर्वाधार र बातावरण संरक्षण सम्बन्धि कार्य गर्ने ।

ज) उत्पादित बिद्युत शक्ति, नेपाल बिद्युत प्राधिकरणलाई बिक्रि गर्ने वा सोझै उपभोक्तालाई बिक्री गर्ने आवश्यक परेमा बिदेशबाट समेत बिद्युत खरिद गरी बिक्री वितरण , प्रशारण गर्ने गराउने ।

झ) नेपाल सरकारको स्वीकृती लिई बिद्युत सम्बन्धि आवश्यक समानहरु उत्पादन बिक्री वितरण गर्ने ।

ञ) ट्रान्सफरमर लगायत बिद्युत सम्बन्धि आवश्यक सामानहरु उत्पादन, आपूर्तिर र बिक्री वितरण गर्ने ।

ट) सौर्य उर्जा र बैकल्पिक उर्जाका सम्बन्धमा नयाँ खोज एंव अध्ययन तथा अनुसन्धान र उत्पादन गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने

**(२) प्रयोग भएको वा गरिने प्रविधि :** गोरखा जिल्ला र लमजुङ जिल्लामा रहेको चेपे खोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन, पेनस्टक पाइप, विद्युतगृह आदी संरचना रहेका छन । यो परियोजना Run of River मा आधारित जलविद्युत आयोजना हो । आयोजनाबाट ९.०५ मे.वा. विद्युत उत्पादन गर्न यस परियोजनामा Run of River प्रकारको जलविद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

**(३) कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रुपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरु मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिनेछ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो उदेश्यसंग मेल खाने देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरू सँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्यतु प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार हाललाई नेपाल भर रहेको छ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थिति :** सुपर चेपे जलविद्युत आयोजनाको उत्पादन क्षमता ९.०५ मेगावाट रहेको छ र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री वितरण गरिएको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** यस जलविद्युत आयोजनाको लागि गोरखा जिल्ला र लमजुङ जिल्लाको चेपे खोलाको प्राकृतिक बहावमा आधारित पानी प्रयोग गरिएको छ ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** गुण नियन्त्रणको लागि देहायबमोजिमको व्यवस्था गरिएको छ :

क) आयोजनाको डिजाईन तथा सुपरिवेक्षण कार्यहरु जलविद्युत क्षेत्रमा उच्चतम विशेषज्ञता हासिल गरि २५ वर्ष भन्दा बढी कार्यगत प्राविधिक ज्ञान र अनुभव भएको विशेषज्ञहरुद्वारा गरिएको ।

ख) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि निर्माण क्षेत्रमा विशेषज्ञता र अनुभव भएको निर्माण कम्पनी मार्फत गरिएको ।

ग) सिभिल निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि निर्माण सामाग्री सम्बन्धी तथा निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि आयोजना स्थलमा प्रयोगशाला स्थापना गरि नियमित चेकजाँच गर्ने गरिनुका साथै आवश्यकता अनुसार काठमाडौंको विभिन्न प्रयोगशालामा Engineer/Specialist द्वारा चेकजाँच गरिएको ।

घ) Hydromechanical कार्यका लागि अत्याधुनिक प्रविधिबाट बनेको स्पाइरल पाइप आयात गरी जडान तथा निर्माण गरिएको ।

ङ) Electromechanical कार्य अन्तर्गत ख्यातिप्राप्त कम्पनीहरुबाट खरिद तथा आयात गरी जडान गरिएको र उक्त Electromechanical equipments को नियमित रुपमा चेकजाँच गर्ने व्यवस्था मिलाइएको ।

च) सिभिल, Hydromechanical तथा Electromechanical लगायतका कार्यहरु अन्तर्गत Quality Inspection को लागि गरिएको सम्झौताको प्रावधानहरुमा नै स्पष्ट रुपमा Third Party Inspection/Consultant नियुक्त गरी सोही अनुरुप अनुगमन तथा आवश्यक रुपमा गुणस्तर समेत Inspection गराइएको ।

**(१०) अनुसन्धान तथा विकास :** नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** सुपर चेपे जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ९.०५ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गर्दछ । साथै संसार भर नै नविकरणीय उर्जाको ठूलो परिमाणमा माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नहुने र नेपाल तथा क्षेत्रीय बजारमा समेत बढदै गएको उर्जाको मागको कारणले नियमित रुपमा बजार बिस्तार समेत भईरहेको छ । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता बमोजिम बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागी लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले एकमात्र ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

त्यस्तो कुनै सप्लायर नभएको ।

## ग.३.ख. सम्पत्तिको विवरण :

**(अ) संगठित संस्थाको स्थिर तथा अमूर्त सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

संगठित संस्थाको हालको स्थिर तथा अमुर्त सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ र सम्पूर्ण सम्पत्ति चालु अवस्थामा रहेको छ ।

**स्थिर सम्पत्ति रहेको स्थान तथा अवस्थाको विवरण :**

| सि.नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम रु. (आषाढ मसान्त, २०८२) | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १ | जग्गा | ४,१४,०९,५२० | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| २ | हाइड्रोमेकानिकल उपकरण/संरचना | ४२,७४,५८,१०८ | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| ३ | मुख्य बिद्युतिय उपकरण/संरचना (ट्रान्समिशन लाइन समेत | २६,५१,०२,२४७ | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| ४ | अन्य मेकानिकल र बिद्युतिय उपकरण | ४५,८७,४१,३४० | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| ५ | सिभिल संरचनाहरु | ९५,४४,१६,६४५ | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| ६ | अफिस फर्निचर तथा उपकरण | ७,०९,५१३ | मुख्य कार्यालय | चालु अवस्थामा रहेको |
| ७ | कम्पुटर र सहायक उपकरणहरु | १३,२२,०२७ | मुख्य कार्यालय | चालु अवस्थामा रहेको |
| ८ | परिबहन साधन | १,०१,३३० | मुख्य कार्यालय | चालु अवस्थामा रहेको |
| ९ | सफ्टवेयर | - | मुख्य कार्यालय | चालु अवस्थामा रहेको |

साथै कम्पनीको नाममा कायम भएको विवरण निम्न अनुसार रहेको छन ।

यस कम्पनीको नाममा गण्डकी प्रदेश, गोरखा जिल्ला रही मालपोत कार्यालय गोरखामा दर्ता श्रेष्ता कायम रहेका जग्गाहरु

| सि.नं. | गा.वि.स. | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल रोपनी | क्षेत्रफल बर्गमिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खरीबोट | ३ | ३ | १५१५ | ०-१-१-१ | ४१.७३ | |
| २ | खरीबोट | ३ | ३ | १५१७ | ०-१५-२-० | ४९२.७५ | |
| ३ | खरीबोट | ३ | ३ | १५१२ | ०-३-३-१ | १२१.२१ | |
| ४ | खरीबोट | ३ | ३ | १५१३ | ०-०-०-३ | ५.९७ | |
| ५ | खरीबोट | ३ | ३ | १५३० | १-९-२-३ | ८१६.७२ | |
| ६ | खरीबोट | ३ | ३ | १५४० | १-४-१-२ | ६४७.८३ | |
| ७ | खरीबोट | ३ | ३ | १४८४ | ०-२-१-३ | ७७.५० | |
| ८ | खरीबोट | ३ | ३ | १४८६ | ०-१-३-१ | ५७.६३ | |
| ९ | खरीबोट | ३ | ३ | ८५७ | ०-६-२-२ | २१०.६५ | |
| १० | खरीबोट | ३ | ३ | ८५६ | ०-१०-०-१ | ३१९.९५ | |
| ११ | खरीबोट | ३ | ३ | १४३३ | ०-४-१-१ | १३७.१० | |
| १२ | खरीबोट | ३ | ३ | १४६९ | ०-४-१-१ | १३७.१० | |
| १३ | खरीबोट | ३ | ३ | १४४० | ०-११-२-० | ३६५.५९ | |
| १४ | खरीबोट | ३ | ३ | १४४७ | ०-०-२-० | १५.९० | |
| १५ | खरीबोट | ३ | ३ | १४४४ | १-९-१-० | ८०२.८० | |
| १६ | खरीबोट | ३ | ३ | १४८२ | ०-९-१-३ | ३००.०३ | |
| १७ | खरीबोट | ३ | ३ | १४४९ | ०-९-०-३ | २९२.०८ | |

| सि.नं. | गा.वि.स. | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल रोपनी | क्षेत्रफल बर्गमिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १८ | खरीबोट | ३ | ३ | १४५१ | ०-१-२-१ | ४९.६८ | |
| १९ | खरीबोट | ३ | ३ | १४५३ | १-१२-२-३ | ९१२.०९ | |
| २० | खरीबोट | ३ | ३ | १४५५ | १-११-०-१ | ८६०.४२ | |
| २१ | खरीबोट | ३ | ३ | १४३८ | ०-०-१-३ | १३.९२ | |
| २२ | खरीबोट | ३ | ३ | १४३५ | ३-१४-१-२ | १९८३.२१ | |
| २३ | खरीबोट | ३ | ३ | १४८८ | ०-४-२-२ | १४७.०४ | |
| २४ | खरीबोट | ३ | ३ | १४२९ | २-१४-०-१ | १४६४.५३ | |
| २५ | खरीबोट | ३ | ३ | १४३१ | ०-४-०-३ | १३३.१३ | |
| २६ | खरीबोट | ३ | ३ | १४७७ | ०-९-०-१ | २८८.१० | |
| २७ | खरीबोट | ३ | ३ | १४६० | ०-२-०-३ | ६९.५५ | |
| २८ | खरीबोट | ३ | ३ | १४७५ | ०-७-१-३ | २३६.४५ | |
| २९ | खरीबोट | ३ | ३ | १४६५ | ०-८-२-३ | २७६.१९ | |
| ३० | खरीबोट | ३ | ३ | १४६७ | १-१२-२-२ | ९१०.१० | |
| ३१ | खरीबोट | ३ | ३ | १४७२ | ०-९-२-२ | ३०६.०९ | |
| ३२ | खरीबोट | ३ | ३ | १४६२ | ०-१०-१-२ | ३२९.८३ | |
| ३३ | खरीबोट | ३ | ३ | १४५८ | ०-४-१-२ | १३९.०९ | |
| ३४ | खरीबोट | ३ | ३ | १४२६ | ३-१५-२-२ | २०२२.९५ | |
| ३५ | खरीबोट | ३ | ३ | १४७९ | ०-१-३-० | ५५.६४ | |
| ३६ | खरीबोट | ३ | ३ | १५०८ | ०-११-०-२ | ३५३.६७ | |
| ३७ | खरीबोट | ३ | ३ | १५२७ | ०-८-२-२ | २७४.२० | |
| ३८ | खरीबोट | ३ | ३ | १४९५ | ०-६-१-० | १९८.६९ | |
| ३९ | खरीबोट | ३ | ३ | १४९२ | ०-३-१-२ | १०७.३० | |
| ४० | खरीबोट | ३ | ३ | १४९९ | १-१-०-० | ५४०.५३ | |
| ४१ | खरीबोट | ३ | ३ | १४९७ | ०-६-१-३ | २०४.६६ | |
| ४२ | खरीबोट | ३ | ३ | १५०४ | २-३-१-२ | ११२४.७८ | |
| ४३ | खरीबोट | ३ | ३ | १५०१ | १-१०-१-३ | ८४०.५६ | |
| ४४ | खरीबोट | ३ | ३ | १५२५ | ०-१-३-० | ५५.६४ | |
| ४५ | खरीबोट | ३ | ३ | १५२३ | ०-१-०-० | ३१.७९ | |
| ४६ | खरीबोट | ३ | ३ | १५०६ | ०-९-०-१ | २८८.१० | |
| ४७ | खरीबोट | ३ | ३ | १५२० | १-५-२-१ | ६८५.५८ | |
| ४८ | खरीबोट | ३ | ३ | १५१० | ०-५-२-० | १७४.८५ | |
| ४९ | खरीबोट | ३ | ३ | १५३३ | ०-८-०-० | २५४.३२ | |
| ५० | खरीबोट | ३ | ३ | १५३५ | ०-८-०-० | २५४.३२ | |
| ५१ | खरीबोट | ३ | ३ | १५३७ | ०-४-१-० | १३५.११ | |
| ५२ | खरीबोट | ३ | ३ | १५४६ | १-७-१-१ | ७४१.२१ | |
| ५३ | खरीबोट | ३ | ३ | १२५९ | ८-१३-२-० | ४४९९.१७ | |

अमुर्त सम्पत्ति रहेको स्थान तथा अवस्थाको विवरण : आयोजना स्थलमा र चालु रहेको अवस्था

**कम्पनीको आषाढ मसान्त, २०८२ सम्मको नेट र ग्रस मूल्य खुल्ने गरि स्थिर सम्पत्तिको रजिष्टर निम्न अनुसार रहेको छ ।**

| विवरण | २०८०-२०८१ को अन्तिम मौज्दात रु. | यस वर्षको थप | यस वर्ष पुर्नमुल्याकंन पुर्नलेखन | यस वर्षको विक्री | कुल रकम रु. | यस २०८०-८१ सम्मको ह्रास कट्टी | यस वर्ष २०८१-८२ को | कुल रकम रु. | २०८२ असार महिनाको बुक भ्यालु |
|---|---|---|---|---|---|---|---|---|---|
| जग्गा | क | – | – | – | ४३,०८६,०२० | ३३५,३७५ | १३,४१,१२५ | १६,७६,५०० | ४,१४,०९,५२० |
| हाइड्रोमेकानिकल उपकरण/संरचना | ४४०,७९२,३५१ | ३८,७२,३४९ | – | – | ४४,४६,६४,७०० | ३,४३१,०५९ | १,३७,७५,५३३ | १,७२,०६,५९२ | ४२,७४,५८,१०८ |
| मुख्य बिद्युतिय उपकरण/संरचना (ट्रान्समिशन लाइन समेत | २७०,०६५,३१२ | ५६,०५,६६४ | – | – | २७,५६,७०,९७६ | २,१०२,१४६ | ८४,६६,५८२ | १,०५,६८,७२८ | २६,५१,०२,२४७ |
| अन्य मेकानिकल र बिद्युतिय उपकरण | ४७६,०५९,५९१ | १२,३०,९२५ | – | – | ४७,७२,९०,५१६ | ३,७०५,५७३ | १,४८,४३,६०३ | १,८५,४९,१७६ | ४५,८७,४१,३४० |
| सिभिल संरचनाहरु | ९९१,७६३,८१७ | १२,४६,२९४ | – | – | ९९,३०,१०,१११ | ७,७१९,७३५ | ३,०८,७३,७३२ | ३,८५,९३,४६६ | ९५,४४,१६,६४५ |
| अफिस फर्निचर तथा उपकरण | ७६०,२५६ | ८५२,३५८ | – | – | १,६१२,६१४ | ६६६,६९८ | २,३६,४०४ | ९,०३,१०१ | ७,०९,५१३ |
| कम्पुटर र सहायक उपकरणहरु | १,४४७,६६० | ८,०५,७९१ | – | – | २२,५३,४५१ | ६९३,१२८ | २,३८,२९६ | ९,३१,४२४ | १३,२२,०२७ |
| परिबहन साधन | २१९,९०० | – | | – | २१९,९०० | ९३,२३८ | २५,३३२ | १,१८,५७० | १,०१,३३० |
| सफ्टवेयर | ५८,४५९ | – | | – | ५८,४५९ | ४९,८७१ | ८,५८८ | ५८,४५९ | – |
| पट्टा सुधार | १,२५३,८५१ | – | – | – | १,२५३,८५१ | १,२५३,८५१ | – | १,२५३,८५१ | – |
| **कुल रकम** | **२,२२,५५,०७,२१७** | **१,३६,१३,३८१** | **–** | **–** | **२,२३,९१,२०,५९८** | **२,००,५०,६७४** | **६,९८,०९,१९५** | **८,९८,५९,८६७** | **२,१४,९२,६०,७३०** |

कम्पनीको आषाढ मसान्त, २०८२ सम्मको नेट मूल्य खुल्ने गरि अमूर्त सम्पत्तिक : रहेको र माथि उल्लेख गरिएको ।

**(आ) बुँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :** आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको । तथापी उत्पादन अनुमतिपत्रको अवधि पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको । माथी **ग.३.ख.(अ)** मा उल्लेख भए बमोजिमको जग्गा धितोबन्धकको रुपमा बैंकमा रहेको छ ।

**(इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सम्बन्धित सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको र आयोजनाको ऋण लगानीकर्ता बैंक श्री राष्ट्रिय बाणिज्य बैंकका नाममा धितोबन्धक वा मोर्टगेज भएको ।

**(ई) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसाबमा कायम गरिएको छ ।

**(उ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरण :**

पावर प्लान्ट संरचनाहरु बाहेकका सम्पत्तिहरुलाई परल मोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सोको पुनरमूल्याङ्कन गरिएको छैन ।

पावर प्लान्ट संरचनाहरुमा विद्युत ऐन, २०४९ को बमोजिम ३.२ प्रतिशतले ह्रासकट्टी गरी लेखामान अनुसार बाँकी रहेको सम्पत्तिहरुलाई पावर प्लान्ट संरचनाको रुपमा राखिएको छ र सोको पुनरमूल्याङकन गरिएको छैन ।

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(ए) अन्य विवरणहरु (लागु हुने हदसम्म) :** सो नभएको ।

## ग.३.ग.भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :** व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति निम्नानुसार छन्।

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक सफल कम्पनीका रूपमा स्थापित हुने ।

(२) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने ।

(३) नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।

(४) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यावसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

(५) लगानी सम्बन्धी निर्णय गर्दा लगानीको समुचित प्रतिफल प्राप्त गर्ने तर्फ विशेष ध्यान दिने कम्पनीको रणनीति रहको छ ।

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यावसायको भविष्य :** नेपाल विश्वको जलश्रोतको लागि धनी देश भई विद्युत उत्पादनको प्रचुर सम्भाव्य रहेको देश भएतापनि हालसम्म करीब १३६ बटा परियोजना मार्फत २,०८८.४९५ मेगावाट उत्पादन भैसकेको र हाल उत्पादन भएको विद्युत छिमेकी देमा समेत बिक्रीको शुरुवात गरेको । नेपालमा जलविद्युत उत्पादनको र विकासको सम्भावना उच्च रहेको भएतापनि कुल राष्ट्रिय उर्जा खपतको केही अंश मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ । देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिने संरचनाहरु निर्माण विकास हुँदै गरेको अवस्था छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

## ग.३.घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्थाअनुसार ७ जना संचालक सदस्य रहेको संचालक समिति रहने व्यवस्था छ । संचालक समितिमा संचालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ५ (पाच) जना |
| सर्वसाधारण शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | १ (एक) जना |
| स्वतन्त्र संचालक | १ (एक) जना |
| **जम्मा संचालक** | **७ (सात) जना** |

संचालक समितिको गठन कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ । संचालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ । साथै सर्वसाधारणबाट प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा साधारण शेयर निष्काशन पश्चातको पहिलो साधारणसभाबाट मनोनित वा निर्वाचित गर्ने व्यवस्था गरिनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार

क) संस्थापक समूहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्छ ।

ख) सर्वसाधारण समूहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्छ ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

*नोट : कम्पनीको संस्थापक समुहतर्फको ७८ प्रतिशत र स्थानियबासी, कर्मचारी, सामुहीक लगानी कोष र सर्वसाधारणको लागि २२ प्रतिशत शेयर संरचना रहेकोमा शेयर संरचनाको आधारमा संचालकहको प्रतिनिधित्व हुने गरी नियमावलीमा व्यवस्था गरिएकोले सोहि अनुसार साधारण शेयर निष्काशन पश्चात संचालकको प्रतिनिधित्व गराइने छ ।*

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु.१,१८,५०,००,०००/- (एक अर्ब अठार करोड पचास लाख रुपैयाँ) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,१८,५०,००० (एक करोड अठार लाख पचास हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी :** यस कम्पनीको तत्काल जारी पूँजी रु.१,१८,५०,००,०००/- (एक अर्ब अठार करोड पचास लाख रुपैयाँ) रहेको छ । उक्त पूँजीलाई रु.१००/-का दरले १,१८,५०,००० (एक करोड अठार लाख पचास हजार मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

- **चुक्ता पूँजी :** यस कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.९२,४३,००,०००/- (बयानब्बे करोड त्रिचालिस लाख) रहेको छ जसलाई रु.१००/- का दरले ९२,४३,००० (बयानब्बे लाख त्रिचालिस हजार मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

यस विवरणपत्र मार्फत सर्वसाधारणका निमित्त छुट्टाइएको रु २६,०७,००,०००/- (छब्बिस करोड सात लाख) रकम बराबरको रु.१००/- अंकित दरको २६,०७,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,१८,५०,००,०००/- (एक अर्व अठार करोड पचास लाख) हुनेछ ।

अधिकृत, जारी तथा चुक्ता पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|
| अधिकृत पूँजी (रु.) | ७०,००,००,०००/- | ७०,००,००,०००/- | १,१८,५०,००,०००/- | १,१८,५०,००,०००/- |
| जारी पूँजी (रु.) | ७०,००,००,०००/- | ७०,००,००,०००/- | १,१८,५०,००,०००/- | १,१८,५०,००,०००/- |
| चुक्ता पूँजी (रु.) | १५,८१,५४,२००/- | २३,६८,०६,४००/- | ६०,४५,७९,९००/- | ९२,४३,००,०००/- |

## (ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ९२,४३,००० | ७८% | ९२,४३,००,०००/- | शत प्रतिशत भुक्तानी भएको |
| ख | स्थानीय बासिन्दाहरु | ११,८५,००० | २२% | ११,८५,००,०००/- | निष्काशन पश्चात शत प्रतिशत भुक्तानी हुने |
| ग | बैदेशीक रोजगारीमा रहेका ब्यक्तीहरु | १,४२,२०० | | १,४२,२०,०००/- | |
| घ | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी,सामुहिक लगानी कोषका योजनाहरु सहित) | १२,७९,८०० | | १२,७९,८०,०००/- | |
| **जम्मा** | | **१,१८,५०,०००** | **१००%** | **१,१८,५०,००,०००/-** | |

***नोट :*** *मिति २०७९।०७।१७ गते देखि लागु हुने गरी स्वीकृत भएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन २०७९) को दफा ४ (ख) (१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि छुट्याईएको ।*

## (ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

**क. संस्थापक/सञ्चालकको पृष्ठभूमिः**

(१) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभूत शेयरधनीहरुको विवरण :**

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १ | **रेवन्त कुमार रावत**<br>ठेगानाः जिल्ला सल्यान साबिक बामे गा.बि.स. वडा नं. ८ को हाल परिवर्तित बन्गाड कुपिण्डे न.पा. वडा नं.३ | संचालक | ४२ | नेपाली | ३,९०,७८५ | स्नातकोत्तर, ईन्जिनियरिङ | ईन्जिनियरिङ कार्य |
| २ | **ओपेन्द्र हमाल**<br>ठेगानाः जिल्ला सल्यान साबिक खलङ्गा गा.बि.स. वडा नं. ५ को हाल परिवर्तित शारदा न.पा. वडा नं. १ | शेयरधनी | ४३ | नेपाली | ३,५१,३७९ | स्नातकोत्तर, ईन्जिनियरिङ | ईन्जिनियरिङ कार्य |
| ३ | **प्रकाश तिवारी**<br>ठेगानाः जिल्ला गोरखा साबिक खोप्लाङ्ग गा.बि.स. वडा नं. २ को हाल परिवर्तित पालुङ्गटार न.पा. वडा नं.२ | शेयरधनी | ४४ | नेपाली | १,००,००० | डिप्लोमा | व्यापार |
| ४ | **प्रदिप राज गिरी**<br>ठेगानाः जिल्ला कास्की साबिक पोखरा उप.म.न.पा वडा नं. ८ को हाल परिवर्तित पोखरा म.न.पा वडा नं.८ | संचालक | ४३ | नेपाली | १,८९,९७३ | स्नातकोत्तर, अग्रेजी | शिक्षक |
| ५ | **बसन्त गिरी**<br>ठेगानाः जिल्ला दाङ्ग साबिक लालमटिया गा.बि.स. वडा नं. ५ को हाल परिवर्तित राप्ती गा.पा. वडा नं.४ | अध्यक्ष | ४४ | नेपाली | ३,७६,१०४ | पि.एच.डि, बिज्ञान | बिज्ञान सम्बन्धि कार्य |
| ६ | **दिपेन्द्र हमाल**<br>ठेगानाः जिल्ला सल्यान साबिक खलङ्गा गा.बि.स. वडा नं. ५ को हाल परिवर्तित शारदा न.पा. वडा नं. ५ | संचालक | ३९ | नेपाली | १,२७,५१२ | स्नातक | व्यापार |
| ७ | **महेश बहादुर हमाल**<br>ठेगानाः जिल्ला दाङ्ग साबिक पन्चकुले गा.बि.स. वडा नं. ३ को हाल परिवर्तित बबै गा.पा. वडा नं.६ | शेयरधनी | ५० | नेपाली | ९४,००० | डिप्लोमा | व्यापार |
| ८ | **प्रबिण गिरी**<br>ठेगानाः जिल्ला प्यूठान साबिक तोर्बाङ्ग वडा नं. १ को हाल परिवर्तित झिमरुक गा.पा वडा नं. ६ | शेयरधनी | ४० | नेपाली | २,२५,५०० | स्नातकोत्तर | कन्सल्टेन्ट |
| ९ | **मोहन सारु**<br>ठेगानाः जिल्ला सल्यान साबिक रामपुर गा.बि.स. वडा नं. २ को हाल परिवर्तित कालीमाटी गा. पा. वडा नं.३ | शेयरधनी | ४५ | नेपाली | १,००,००० | स्नातक | व्यापार |
| १० | **नारायण कडेल**<br>ठेगानाः जिल्ला बाग्लुङ्ग साबिक बिहुँ गा.बि.स. वडा नं. १ को हाल परिवर्तित काठेखोला गा.पा. वडा नं.६ | संचालक | ३४ | नेपाली | २,०५,३२२ | चार्टर एकाउन्टेन्ट | चार्टर एकाउन्टेन्ट |
| ११ | **गोपाल प्रसाद निउरे**<br>ठेगानाः जिल्ला चितवन साबिक मंगलपुर गा.बि.स. वडा नं. २ को हाल परिवर्तित भरतपुर म.न.पा वडा नं.१५ | शेयरधनी | ४६ | नेपाली | १,३०,६५० | स्नातकोत्तर, ईन्जिनियरिङ | ईन्जिनियरिङ कार्य |

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १२ | **राजेन्द्र कुमार बि.सि.**<br>ठेगानाः जिल्ला सल्यान साबिक देबस्थल गा.बि.स. वडा नं. ९ को हाल परिवर्तित बन्गाड कुपिण्डे न.पा. वडा नं.१ | शेयरधनी | ४६ | नेपाली | २,५२,००० | स्नातकोत्तर, ईन्जिनियरिङ | ईन्जिनियरिङ कार्य |
| १३ | **प्रतिमा तिवारी**<br>ठेगानाः जिल्ला गोरखा साबिक खोप्लाङ्ग गा.बि.स. वडा नं. २ को हाल परिवर्तित पालुङ्गटार न.पा. वडा नं.२ | संचालक | ४२ | नेपाली | २,५०,००० | स्नातक, ईन्जिनियरिङ | ईन्जिनियरिङ कार्य |
| १४ | **शुभकामना न्यौपाने**<br>ठेगानाः प्यारजुङ वडा नं ४, लमजुङ्ग | शेयरधनी | ४२ | नेपाली | १,२१,००० | साक्षर | |
| १५ | **पूजा हमाल**<br>ठेगानाः धनगढी न.पा.वडा नं. ५, कैलाली | शेयरधनी | ४४ | नेपाली | १,००,००० | साक्षर | |
| १६ | **सरिता गिरी**<br>ठेगानाः- लालमटिया वडा नं -५, दाङ | शेयरधनी | ४२ | नेपाली | ९९,०४० | स्नातकोत्तर, नर्सिङ | नर्सिङ |
| १७ | **निशा प्रधानाङ्ग**<br>ठेगानाः मध्यपुरठिमी वडा नं ४, | शेयरधनी | ३७ | नेपाली | १,००,००० | | |
| १८ | **मुक्तिनाथ क्यापिटल लिमिटेड**<br>ठेगानाः- काठमाण्डौ महानगरपलीका वडा नं.:- ११, काठमाण्डौ | लागु नहुने | | | २,००,००० | लागु नहुने | शेयर प्रत्याभूति, प्रारम्भिक सार्वजनीक शेयर निष्काशन, डिम्याट, शेयर रजिस्ट्रार, संस्थागत परार्मश सम्बन्धि कार्य |
| १९ | **सोपान मल्टिपल कम्मनी लिमिटेड**<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. १४ | लागु नहुने | | | १,०००,००० | लागु नहुने | |
| २० | **प्रभु डायनामिक प्राइभेट इक्विट्टि फन्ड-१**<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. २८ | लागु नहुने | | | १,००,००० | लागु नहुने | प्राईभेट ईक्विटी सम्बन्धी कार्य गर्न धितोपत्र बोर्डमा दर्ता रहि विभिन्न कम्पनीहरुको ईक्विटीमा लगानी गर्ने कोषको रुपमा आबद्ध रहेको । |
| २१ | **अशोक कुमार खडका**<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं.९ | शेयरधनी | ५६ | | १,४०,००० | स्नाकोत्तर (व्यवस्थापन) | बैंक तथा वित्तिय क्षेत्रमा विगत २५ बर्षको कार्य अनुभव<br>नेको इन्सुरेन्स लि.मा २०७६ साल देखि प्रमुख कार्यकारी अधिकृतमा हाल सम्म कार्यरत । |
| २२ | **श्रीश खड्का**<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं.९ | शेयरधनी | २३ | | १७,५,००० | साक्षर | |
| २३ | **सुचित्रा सिजापती**<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं.९ | शेयरधनी | ४४ | | १,५०,००० | साक्षर | |
| २४ | **विशाल ग्रुप लिमिटेड**<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं.११ | लागु नहुने | | | १,००,००० | लागु नहुने | |

## सञ्चालकहरुको विवरण :

| क्र.सं. | नाम/ठेगाना | पद | राष्ट्रियता | उमेर | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | **बसन्त गिरी** राप्ति गा.पा-०४, दाङ | अध्यक्ष | नेपाली | ४४ बर्ष | ३,७६,१०४ | पि. एच. डि., रसायन शास्त्र वायोमिङ विश्वविद्यालय, अमेरिका | विगत ६ बर्ष देखि जलविद्युत क्षेत्रमा अनुभव रहेको हाल रिज लाईन इनर्जी लि. मा अध्यक्षको रुपमा आवद्ध रहेको (२०७४/०२/२२-हालसम्म) | अध्यक्षः नेस्नल युथ एकेडेमी अफ नेपाल (२०७६/०९/०९-२०८०/०७/२९) संचालक : काठमाडौं इन्स्टिच्यूट अफ अप्लाईड साईन्सेस (२०७१/०६/१५-हालसम्म ) |
| २ | **प्रदिप राज गिरी** पोखरा म.न.पा.लि-८, कास्की | संचालक | नेपाली | ४३ बर्ष | १,८९,९७३ | एम. फिल., अग्रेजी | विगत ६ बर्ष देखि जलविद्युत क्षेत्रमा अनुभव रहेको हाल रिज लाईन इनर्जी लि. मा सञ्चालकको रुपमा आवद्ध रहेको (२०७४/०२/२२-हालसम्म) | उप प्राध्यापक - अँग्रेजी केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, रत्न राज्य लक्ष्मी क्याम्पस, खोपा क्याम्पस र सन साइन क्याम्पस (२०६८/०९/२५) |
| ३ | **अशोक कुमार खडका** ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं.९ | संचालक | नेपाली | ५७ बर्ष | १०,००० | स्नाकोत्तर (व्यवस्थापन) | हाल रिज लाईन इनर्जी लि. मा सञ्चालकको रुपमा आवद्ध रहेको । | बैंक तथा वित्तिय क्षेत्रमा विगत २५ बर्षको कार्य अनुभव नेको इन्सुरेन्स लि.मा २०७६ साल देखि प्रमुख कार्यकारी अधिकृतमा हाल सम्म कार्यरत । |
| ४ | **नारायण कंडेल** काठेखोला गा.पा. -६, बाग्लुङ | संचालक | नेपाली | ३४ बर्ष | २,०५,३२२ | चार्टर एकाउन्टेन्ट | विगत ६ बर्ष देखि जलविद्युत क्षेत्रमा अनुभव रहेको हाल रिज लाईन इनर्जी लि. मा सञ्चालकको रुपमा आवद्ध रहेको (२०७४/०२/२२-हालसम्म) र अन्य जलविद्युत आयोजनामा वित्तिय परामर्स गदै । | संचालक : आमोद क्यापिटल्स प्रा.लि. प्रार्टनर : कंडेल एण्ड एशोसिएट वित्तिय व्यवस्थापक |
| ५ | **दिपेन्द्र हमाल** शारदा न.पा-५, सल्यान | संचालक | नेपाली | ३९ बर्ष | १,२७,५१२ | स्नातक, सुचना प्रविधि, शिक्षा त्रिभुवन विश्वविद्यालय, नेपाल | विगत ६ बर्ष देखि जलविद्युत क्षेत्रमा अनुभव रहेको हाल रिज लाईन इनर्जी लि. मा सञ्चालकको रुपमा आवद्ध रहेको (२०७४/०२/२२-हालसम्म) | व्यापार । |
| ६ | **प्रतिमा तिवारी** पालुङ्टार न.पा -२, गोरखा | संचालक (महिला) | नेपाली | ४२ बर्ष | २,५०,००० | स्नातक सिभिल इन्जिनियरिङ त्रिभुवन विश्वविद्यालय, ३.अ.स. पश्चिमाञ्चल क्याम्पस, पोखरा | विगत ३ बर्ष देखि जलविद्युत क्षेत्रमा अनुभव रहेको हाल रिज लाईन इनर्जी लि. मा सञ्चालकको रुपमा आवद्ध रहेको (२०८०/०६/०३ -हालसम्म) | इन्जिनियरिङ सम्बन्धि निमार्ण कार्य २०६५ साल देखि |
| ७. | **डा.विनोद पोखरेल** कागेश्वरी मनोहरा न.पन-४, काठमाण्डौं | स्वतन्त्र संचालक | नेपाली | ५० बर्ष | - | पि. एच. डि., एटमोस्फेरिक बिज्ञान | विगत २० बर्ष देखि जलविद्युत क्षेत्रमा अनुभव रहेको हाल रिज लाईन इनर्जी लि. मा सञ्चालकको रुपमा आवद्ध रहेको (२०८०/०६/०३ -हालसम्म) | एसोसिएट प्रोफेसर : हाइड्रोलोजी एन्ड मौसम विज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय |

(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

| सि.नं. | संस्थाको नाम ठेगाना | उद्देश्य | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| १ | डाइनामिक इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.<br>का.म.न.पा-११, काठमाण्डौं | **कम्पनीको उद्देश्य:**<br>क. व्यवसायिक कम्पनी वा फर्मको शेयर, डिबेन्चर लगायत अन्य वित्तिय क्षेत्रमा लगानी गर्ने ।<br>ख. लगानीका नयाँ क्षेत्र पहिल्याई त्यस्ता नयाँ क्षेत्रमा आवश्यकता अनुसार कुनै व्यक्ति वा संस्थासँग मिलि आवश्यकीय करार समेत गरी लगानी गर्ने ।<br>ग. यस कम्पनीको शेयर लिने संगठित शेयरवालाहरुको व्यवसायिक विकास विविधिकरण, लगानीको रेखदेख तथा लगानीको व्यवस्थापन सम्बन्धि कार्य गर्ने गराउने ।<br>रजिष्टर्ड नं.: १५६०३७/०७३/०७४<br>दर्ता मिति: २०७३/०६/०२<br>अधिकृत पूँजी : १०,००,००,००० /-<br>जारी पूँजी : ७,००,००,०००/-<br>चुक्ता पूँजी : २,००,००,०००/- | क. हेमचन्द्र गुरुङ<br>ठेगाना: पोखरा -८, कास्की<br>ख. राजु गुरुङ<br>ठेगाना: लेखनाथ -२, कास्की<br>ग. ढकल बहादुर गुरुङ<br>ठेगाना: कोल्की -६, लमजुङ<br>घ. हेमराज सुवेदी<br>ठेगाना: टक्सार -३, स्याङ्जा<br>ङ. बिष्णु प्रसाद आचार्य<br>ठेगाना: शिवलय -३, पर्वत |
| २ | केडिबल इन्भेष्टमेन्ट प्रा.लि.<br>भीमसेन थापा मार्ग-१०, काठमाण्डौं | **कम्पनीको उद्देश्य :** विद्युत उत्पादन, प्रसारण तथा विवरण, अस्पतालका कियाकलापहरु, आफ्नै वा कबुलियत घरजग्गा कारोवारका कियाकलापहरु, वित्तीय सेवा गतिविधिका अन्य सहायक कियाकलापहरु ।<br>क. औद्योगिक, वित्तीय, पर्यटन, उत्पादनशील, फाइनान्स, कृषि जस्ता बिभिन्न ठाउँहरुको फर्महरु तथा सेवामूलक उद्योग व्यवसायमा लगानी गर्ने ।<br>ख. विदेशी लगानी प्रविधि तथा व्यवस्थापनमा स्थापना हुने उद्योगहरुको निमित्त आवश्यक संयुक्त लगानी सम्झौता, प्रविधि हस्तान्तरण सम्झौता गरी सम्वन्धिक निकायको स्वीकृति लिई त्यस्ता उद्योगहरुमा लगानी गरी सञ्चालन गर्ने र गर्न लगाउने ।<br>ग. यस कम्पनीको शेयर लिने संगठित शेयरवालाहरुको व्यवसायिक विकास विविधिकरण, लगानीको रेखदेख तथा लगानीको व्यवस्थापन सम्बन्धि कार्य गर्ने गराउने ।<br>रजिष्टर्ड नं. २२७८०२/०७६/०७७<br>दर्ता मिति: २०७६/०७/२२<br>अधिकृत पूँजी : २,००,००,००/-<br>जारी पूँजी : १,००,००,००० /-<br>चुक्ता पूँजी : ६,२०,००,०००/- | क. टेकनाथ आचार्य<br>ठेगाना: परेवादीन -५, धनकुटा<br>ख. रविन सापकोटा<br>ठेगाना: गुञ्जनगर -१, चितवन<br>ग. पवन खनाल<br>ठेगाना: खनालथोक -५, काभ्रे |

| सि.नं. | संस्थाको नाम ठेगाना | उद्देश्य | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| ३ | मुक्तिनाथ क्यापिटल लिमिटेड<br>का.म.न.पा-११, काठमाण्डौं | **कम्पनीको उद्देश्य :**<br>क. कम्पनीको शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।<br>ख. पूँजी बजारसँग सम्बन्धित सेवाको विकास तथा विस्तार गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।<br>ग. उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको पूँजी बजारको विकासका लागि सहयेग गर्ने ।<br>रजिष्टर्ड नं.: १२१२/०६६/०६७<br>दर्ता मितिः २०७६/०६/२९<br>अधिकृत पूँजी : ५०,००,००,०००<br>जारी पूँजी : ४०,५०,००,०००<br>चुक्ता पूँजी : ४०,५०,००,००० | क. सिताराम काफ्ले<br>ठेगानाः धापासी, काठमाडौं<br>ख. डण्डपानी ढकाल<br>ठेगानाः टोखा, काठमाडौं<br>ग. उमेश रेग्मी<br>ठेगानाः चितवन<br>घ. आर्दश राज पाण्डे<br>ठेगानाः डिल्लीबजार, काठमाडौं<br>ङ. दिपाञ्जली खकुरेल<br>ठेगानाः पानीपोखरी, काठमाडौं<br>च. सुमन कोइराला<br>ठेगानाः मध्यपुर ठिमी, भक्तपुर |
| ४ | आमोद क्यापिटल्स प्रा.लि.<br>ठेगानाः श्रीनगर न.पा. वडा नं. २, बाग्लुङ | **कम्पनीको उद्देश्य :**<br>क. विदेशी तथा स्वदेशी लगननीका आयोजना छनोट सयुक्त लगान गर्ने ।<br>ख. विदेशी वित्तिय तथा व्यापारिक प्रतिष्ठानको अधिकार प्राप्त म्यानडेट भई काम गर्ने ।<br>ग. धितोपत्र निश्कासन वा बिक्री सम्बन्धी कारोबारमा आवश्यक पर्ने सेवाहरु उपलब्ध गराउने ।<br>रजिष्टर्ड नं.: २६४४५०/०७७/०७८<br>दर्ता मितिः २०७८/०३/२८<br>अधिकृत पूँजी : ५,००,००,०००<br>जारी पूँजी : ५,००,००,०००<br>चुक्ता पूँजीः ४६,००,००० | क. कृष्ण सुवेदी<br>ठेगानाः दुदीलाभाटी -५, बाग्लुङ्ग<br>ख. नरेन्द्र कडेल<br>ठेगानाः विहुकोट -१, बाग्लुङ्ग<br>ग. सुदिप सागर कडेल<br>ठेगानाः लेखानी -२, बाग्लुङ्ग<br>घ. नारायण कडेल<br>ठेगानाः विहु -१, बाग्लुङ्ग |
| ५ | सोपान मल्टिपल कम्मनी लिमिटेड<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. १४ | **कम्पनीको उद्देश्य :**<br>क) प्राइभेट तथा लिमिटेड कम्पनीहरुको शेयर खरिद गर्ने<br>ख) स्वदेशी तथा विदेशी लगानी कर्ताको लागि आर्थिक, प्राविधिक तथा बजार सम्बन्धि सम्भाव्यताको अध्ययन गर्ने<br>रजिष्टर्ड नं.: १०८६/०६५/०६६<br>दर्ता मितिः २०६५/०६/१९<br>अधिकृत पूँजी : १५०००००००/-<br>जारी पूँजी : १४३००००००/-<br>चुक्ता पूँजीः १४३००००००/- | क. डा.विरेन्द्र प्रसाद महतो<br>ठेगानाः काठमाडौं<br>ख. डा.ई तारा प्रसाद पोखरेल<br>ठेगानाः बासवारी-०३, काठमाण्डौं<br>ग. ई.रामेश्वर रिजाल<br>ठेगानाः र्कितिपुर-०७, काठमाण्डौं<br>घ. अशोक कुमार खड्का<br>ठेगानाः काठमाडौं<br>ङ. अनिश सारु<br>ठेगानाः काठमाडौं<br>च. ललिता बस्याल<br>ठेगानाः काठमाडौं |

| सि.नं. | संस्थाको नाम ठेगाना | उद्देश्य | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| ६ | प्रभु डायनामिक प्राइभेट इक्विट्टि फन्ड-१<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. २८ | कम्पनीको उदेश्य :<br>क. सुचीकृत नभएका पोर्टफोलीयो सस्थामा साधारण शेयर, परिवर्तीय अग्राधिकार शेयर तथा साधारण शेयरमा परिर्वत गर्ने अधिकार धारक ऋणपत्रहरुमा लगानी गर्ने ।<br>ख. लगानी निसर्गबाट कोषको आय वृद्धि गर्ने र कोषको ईकाइधनीहरुलाई अधिकतम प्रतिफम हासिल गर्ने कोषको प्रमुख उद्देश्य हो ।<br>नेपाल धितोपत्र बोर्डबाट कोष व्यवस्थापनको<br>दर्ता मितिः २०७९/०५/१५<br>कोषको आकार : ५० करोड | |
| ७ | विशाल ग्रुप लिमिटेड<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं.११ | **कम्पनीको उद्देश्य :** स्वदेशी वा विदेशी संघ संस्था तथा व्यक्ती विशेष संथग मिली सेवामुलक उद्योग, व्यवसाय, वित्तिय र बिमा संस्थाहरुको स्थापना तथा संचालन गर्ने गराउने ।<br>रजिष्टर्ड नं.७५०/०५७/०५८<br>दर्ता मितिः २०७५/०५/०१<br>अधिकृत पूँजी : १,०१,११,११,२००/-<br>जारी पूँजी : १,०१,११,११,२००/-<br>चुक्ता पूँजीः ९१,००,००,०००/- | क. विशाल अग्रवाल<br>ठेगानाः खिचापोखरी-२२, काठमाण्डौं<br>ख. निकुञ्ज अग्रवाल<br>ठेगानाः लाजिमपाट-०२, काठमाण्डौं<br>ग. मधु अग्रवाल<br>ठेगानाः लाजिमपाट-०२, काठमाण्डौ<br>घ. संचिता अग्रवाल<br>ठेगानाः लाजिमपाट-०२, काठमाण्डौ |
| ८ | मिडास स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.<br>ठेगानाः काठमाण्डौ महानगरपालिका वडा न. १३ | कम्पनीको उद्देश्य : धितोपत्र वजार सम्बन्धि कार्य गन<br>रजिष्टर्ड नं.: ७०८५/०५४/५५<br>दर्ता मितिः २०५४/०४/१४<br>अधिकृत पूँजी : २०,००,००,०००/-<br>जारी पूँजी : १२,००,००,००० /-<br>चुक्ता पूँजीः १२,००,००,००० /- | क. सबिन भक्त जोशी<br>ठेगानाः काठमाण्डौं-२७, काठमाण्डौं<br>ख. मिरोज काजी तुलाधार<br>ठेगानाः काठमाण्डौं-१९, काठमाण्डौं<br>ग. सार्थक साख<br>भक्तपुर-१३, भक्तपुर |
| ९ | अवर्तन भेन्चर्स प्रा.लि.<br>ठेगानाः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १० | **कम्पनीको उद्देश्य :**<br>क) शेयर, डिवेन्चर जस्ता अन्य वित्तिय उपकरणहरुमा लगानी गर्ने<br>ख) आर्थिक परामर्श सेवाहरु, वित्तिय व्यवस्थापन जस्ता कार्यहरु गर्ने<br>रजिष्टर्ड नं.: ३६१५६५/०८१/०८२<br>दर्ता मितिः २०८१/११/०६<br>अधिकृत पूँजी : २,००,००,०००/-<br>जारी पूँजी : १,२०,००,०००/-<br>चुक्ता पूँजीः १,२०,००,०००/- | क. हेमन्त राज रमाली<br>ठेगानाःकोहलपुर-३,बाके<br>ख. विप्लव सिंह<br>ठेगानाःललितपुर-९, ललितपुर<br>ग. अमृता राय<br>ठेगानाः बेलबारी-९, मोरङ्ग |

| सि.नं. | संस्थाको नाम ठेगाना | उद्देश्य | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| १० | ग्रिनरी इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड<br>ठेगानाः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ११ | **कम्पनीको उद्देश्य :** लगानी सम्बन्धि व्यवसाय गर्ने<br>रजिष्टर्ड नं.: ३५३२८०/८१/८२<br>दर्ता मितिः २०८१/०३/१५<br>अधिकृत पूँजी : ५,००,००,०००/-<br>जारी पूँजी : १,००,००,०००/-<br>चुक्ता पूँजीः १,००,००,०००/- | क. विश्वराम पराजुली<br>ठेगानाः माड्खा-६, सिन्धुपालचोक<br>ख. भागिरथ गिरी<br>ठेगानाः सकुवापसौकी-१, पर्सा<br>ग. विनोद लामा<br>ठेगानाः मंगलटार-७, काभ्रे<br>घ. राज कुमारी श्रेष्ठ<br>ठेगानाः सानुसिरुबारी-३, सिन्धुपालचोक<br>ङ. भावेश गौतम<br>ठेगानाः हेटौडा-५, मकवानपुर |
| ११ | पपुलर प्रगती इन्भेष्टमेन्ट कम्पनी प्राइभेट लिमिटेड<br>ठेगानाः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १६ | **कम्पनीको उद्देश्य :**<br>क) बोलपत्र मार्फत चल अचल सम्पती खरिद गर्ने,<br>ख) सुचिकृत कम्पनीको शेयर खरिद गर्ने<br>ग) व्यापार व्यवसाय गर्ने<br>रजिष्टर्ड नं.: २७५१४४/०७८/०७९<br>दर्ता मितिः २०७८/०७/०५<br>अधिकृत पूँजी : १,००,००,०००/-<br>जारी पूँजी : ४६,५०,०००/-<br>चुक्ता पूँजीः ४६,५०,०००/- | क. विनोद श्रेष्ठ<br>ठेगानाः बगुवा-५, गोरखा<br>ख. दिपम बाबु श्रेष्ठ<br>ठेगानाः वोर्लाङ-४, गोरखा<br>ग. फुल प्रसाद जोशी<br>ठेगानाः ताकुकोट-६, गोरखा<br>घ. राजन कुमार श्रेष्ठ<br>ठेगानाः ताकुकोट-४, गोरखा<br>ङ. जिवन वावु श्रेष्ठ<br>ठेगानाः वोर्लाङ-४, गोरखा |
| १२ | नेपअनविज इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. ५ | **कम्पनीको उद्देश्य :**<br>क) धितोपत्र बजारमा लगानी गर्ने,<br>ख) सुचिकृत नभएका कम्पनीको शेयर तथा डिबेन्चर खरिद विक्री गर्ने<br>रजिष्टर्ड नं.: ३६४५४०/८१/८२<br>दर्ता मितिः २०८१/१२/२१<br>अधिकृत पूँजी : २५,००,०००/-<br>जारी पूँजी : २५,००,०००/-<br>चुक्ता पूँजीः२५,००,०००/- | क. महेश्वर कर्मचार्य<br>ठेगानाः का.म.न.पा-५, काठमाण्डौं<br>ख. सन्जीव श्रेष्ठ<br>ठेगानाः खाँडादेवी-३, रामेछाप |
| १३ | पद्मोदय इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड<br>ठेगानाः काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. ९ | **कम्पनीको उद्देश्य :** मौद्रिक मध्यस्थासम्बन्धि कियाकलाप सम्बन्धी कार्य गर्ने<br>रजिष्टर्ड नं.: ११९७१३/०७१/०७२<br>दर्ता मितिः २०७०/११/०१<br>अधिकृत पूँजी : १,००,००,०००/-<br>जारी पूँजी : १,००,००,०००/-<br>चुक्ता पूँजीः ५०,००,०००/- | क. संचालक : बुद्धि बहादुर थापा<br>ठेगाना : महारानी ७, झापा |

**(३) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क.सं. | नाम, ठेगाना | सञ्चालकहरु आबद्ध रहेका कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण |
|---|---|---|
| १ | बसन्त गिरी<br>राप्ति गा.पा-०४,दाङ | अध्यक्ष : नेशनल युथ एकेडेमी अफ नेपाल<br>अध्यक्ष : काठमाडौं इन्स्टिच्यूट अफ अप्लाईड साईन्सेस<br>संचालक : काङ हाइड्रोपावर लिमिटेड<br>संचालक : बाग्लुङ पावर प्राइभेट लिमिटेड |
| २ | अशोक कुमार खड्का<br>का.म.न.पा.-९, काठमाडौ | प्रमुख कार्यकारी अधिकृत : नेको इन्सुरेन्स लिमिटेड |
| ३ | प्रदिप राज गिरी<br>पोखरा म.न.पा.-८,कास्की | अध्यक्ष : काङ हाइड्रोपावर लिमिटेड<br>संचालक : बाग्लुङ पावर प्राइभेट लिमिटेड<br>संचालक : रुरुगाड हाइड्रोपावर लिमिटेड<br>संचालक : दुधपोखरी चेपे हाइड्रोपावर लिमिटेड |
| ४ | नारायण कंडेल<br>काठेखोला गा.पा-६,बाग्लुङ | संचालक : आमोद क्यापिटल्स प्रा.लि.<br>संचालक : दुधपोखरी चेपे हाइड्रोपावर लिमिटेड<br>अध्यक्ष : बाग्लुङ पावर प्राइभेट लिमिटेड |
| ५ | डा.विनोद पोखरेल<br>कागेश्वरी मनोहरा न.पा-४, काठमाण्डौं | संचालक : रिचाम कन्सल्ट प्रा.लि. |
| ६ | प्रतिमा तिवारी<br>पालुङ्टार न.पा -२, गोरखा | अध्यक्ष : अप्लाईड इन्जिनियरिङ्ग प्रा.लि. |

**नोट :** कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको ।

**(४) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) कम्पनीको कुनै शेयरधनीले संचालक समितिको पूर्व स्वीकृती नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

ख) आफ्नो नाममा रहेका शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीहरुले संचालक समितिमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर बिक्री गर्न लागेको भए आफूले बिक्री गर्न चाहेको शेयरको मुल्य र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितो बापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति खुलाउनु पर्नेछ ।

ग) "धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक संगठीत संस्थाका कर्मचारी तथा आयोजना प्रभावित जिल्लाका स्थानीय बासिन्दा) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

## ग.५.ख. संस्थापक/सञ्चालकसँगको कारोवार :

**(अ) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सूविधा दिए वापत बैंकले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

कम्पनीको सञ्चालकहरुको लागि कम्पनीको साधारण सभाले निर्धारण गरे बमोजिम आ.ब.२०८०/८१ देखि सञ्चालक समितिको बैठकमा उपस्थित अध्यक्षलाई रु.६,००० र संचालकहरुलाई रु.५,००० भत्ता प्रदान गर्ने गरिएको छ । कम्पनीको अध्यक्षलाई मिति २०८१/११/२३ गतेको विशेष साधारण सभाले निर्णय गरे बमोजिम मासिक भत्ताको रुपमा रु.६०,०००/- प्रदान गर्ने गरिएको छ ।

**(आ) बुँदा (अ) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** लागु नहुने ।

## ग.६. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

## ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

### ग.७.क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

**(अ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण :**

| क्र. सं. | कर्मचारीको नाम | नियुक्ती मिति | पद | शैक्षिक योग्यता | अनुभव तथा हाल जिम्मेवारी | शेयर संख्या | अन्य संस्थामा लगानी (शेयर संख्या) |
|---|---|---|---|---|---|---|---|
| १ | रोशन पौडेल | २०८०/१२/०१ | प्रमुख संञ्चालन अधिकृत (Chief Operating Officer) तथा कम्पनी सचिव | स्नातक, इलेक्ट्रिकल इन्जिनियरिङ्ग | विगत १० वर्ष देखि उर्जा क्षेत्रमा कार्य अनुभव भएको । तथा कम्पनी सचिवको रुपमा कार्यरत रहेको । | नभएको | नभएको |
| २ | नवराज दाहाल | २०८०/१२/०१ | प्लान्ट मेनेजर (Plant Manager) | स्नातक, इलेक्ट्रिकल इन्जिनियरिङ्ग | विगत ४ वर्ष देखि हाइड्रोपावर प्रोजेक्ट क्षेत्रमा कार्य अनुभव भएको । | नभएको | नभएको |
| ३ | शिव न्यौपाने | २०८१/०१/०१ | लेखा अधिकृत | स्नातकोत्तर, व्यवस्थापन | हाल रिज लाई इनर्जी लि. मा लेखा अधिकृत रहेको । | ५,५०० | नभएको |

**संगठित संस्थाका कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण :** सो नभएको ।

**(आ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्न भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण:** सो नभएको ।

**(इ) कर्मचारीको संख्या: स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :**

| क्र.सं. | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २५ | ८ | ६ | १ | ४ | १ | ४५ |

### ग.७.ख. सञ्चालक एवम् उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण:

**(अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

क. संचालकहरुलाई सञ्चालक समितिको बैठक र सञ्चालक समितिबाट गठन भएको समिति, उपसमिति वा कार्यदलमा उपस्थित भए बापत अध्यक्षलाई प्रति बैठक भत्ता रु.६,०००/- (कर सहित) र अन्य सञ्चालकले प्रति बैठक भत्ता रु. ५,०००/- (कर सहित) पाउने छन् ।

ख. सञ्चालक समिति वा सञ्चालक समितिबाट समिति, उपसमिति वा कार्यदल गठन भएको बैठकमा कुनै पनि व्यक्तिलाई प्रति बैठक भत्ता रु.५,०००/- (कर सहित) दिईनेछ ।

ग. अध्यक्षलाई मासिक रु.१,०००/- सञ्चार सुविधा दिईनेछ ।

घ. कम्पनीको काममा स्वदेश वा विदेश भ्रमण गर्दा सञ्चालकहरु (प्रबन्ध सञ्चालक समेत) र सञ्चालक समितिबाट आमन्त्रित व्यक्तिलाई हवाईजहाज, ट्रेन, कार, टयाक्सीमा आवागमन गर्ने सुबिधा प्राप्त हुनेछ र लागेको वास्तविक खर्च यातायात खर्च बापत कम्पनीले भुक्तानी गर्नेछ । साथै कम्पनीको काममा स्वदेश वा विदेश भ्रमण गर्दा सञ्चालकहरु (प्रबन्ध सञ्चालक समेत) र सञ्चालक समितिबाट आमन्त्रित व्यक्तिलाई खाना तथा होटलको सुबिधा प्रात्त हुनेछ र

लागेको वास्तविक खर्च होटल खर्च बापत कम्पनीले भुक्तानी गर्नेछ ।

ङ. कम्पनीको सञ्चालकहरुको स्वास्थ्य बीमा अन्तर्गत सञ्चालक समितिका सदस्य (अध्यक्ष समेत) लाई प्रति सञ्चालक रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैयाँ) बराबरको बीमा गरिनेछ ।

च. कम्पनीको सञ्चालकहरुको दुर्घटना बीमा अन्तर्गत सञ्चालक समितिका सदस्य (अध्यक्ष समेत) लाई प्रति सञ्चालक रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैयाँ) बराबरको बीमा गरिनेछ ।

कम्पनीको सञ्चालकहरुको लागि कम्पनीको साधारणशभाले निर्धारण गरे बमोजिम आ.ब.२०८०/८१ देखि सञ्चालक समितिको बैठकमा उपस्थित अध्यक्षलाई रु ६,००० र संचालकहरुलाई रु.५,००० भत्ता प्रदान गर्ने गरिएको छ । कम्पनीको अध्यक्षलाई मिति २०८१/११/२३ गतेको विशेष साधारण सभाले निर्णय गरे बमोजिम मासिक भत्ताको रुपमा रु.६०,०००/- प्रदान गर्ने गरिएको छ ।

**(आ) उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिइने भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

| क्र.सं. | कर्मचारीको नाम | पद | आ.व. २०८१/८२ को पारिश्रमिक |
|---|---|---|---|
| १ | रोशन पौडेल | प्रमुख संञ्चालन अधिकृत (Chief Operating Officer) | १४,४४,०००/- |
| २ | नवराज दाहाल | प्लान्ट मेनेजर (Plant Manager) | १४,४४,०००/- |
| ३ | शिब न्यौपाने | लेखा अधिकृत | ५,७७,६००/- |

**(इ) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

## ग.८. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

**संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :** कुनै कारणले आयोजना बन्द गर्नु परेमा आय आर्जनमा नकारात्मक प्रभाव पर्न गइ कर्जाको सावां ब्याज, सालबसाली खर्च र मर्मत संभारमा समस्या हुन सक्ने । साथै नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** चेपे खोलाको जलाधार क्षेत्रमा अप्रत्याशित रुपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन एबम् आय घट्न सक्ने ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्यवृद्धि (Cost Overrun) को जोखिम :** आयोजना सम्पन्न भई सकेको र मिति २०८०/१०/०८ गते बाट संचालन भएकोले यस्तो जोखिम नरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :** सो नरहेको ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** आवश्यक सम्पूर्ण अनुमति वा इजाजत प्राप्त भैसकेको ले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्नहुन सक्ने जोखिम :**

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु : त्यस्तो जोखिम नरहेको ।
- पूँजीबजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु : कम्पनीलाई त्यस्तो जोखिम नरहेको ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।

- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा श्रृजनाहुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

**(झ) सञ्चालन इतिहासको अभाव :** मिति २०७४/०९/१३ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा रिज लाईन इनर्जी नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७९/०२/२५ मा पब्लिक लिमिटेड कम्पनीमा परिणतमा भई रिज लाईन इनर्जी लिमिटडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनीको संचालन इतिहास करिव ८ वर्ष भन्दा बढीको रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :** प्रविधि सम्बन्धी परिवर्तनबाट जलविद्युत कम्पनीको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गरी जडान गरी सकेको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण सहित सम्पूर्ण संरचनाहरुको नै बिमा गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्यून भएको ।

**(ट) अन्य :**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
- प्राकृतिक प्रकोपको तथा कावु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं । सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले आवश्यक उपायहरु अवलम्वन गर्दै जानेछ

उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यबस्थापनको धारणा रहेको छ । त्यस कारण उर्जाका अन्यश्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादनहुने बिद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्दभएको अवधिको नोक्सान वापतको लागि निम्नबमोजिमको बीमा गरिएको छ। कम्पनीको संभावित नोक्सानी बहन गर्न देहाय बमोजिमको बीमा कम्पनीमा निम्न रकम बराबरको बीमा गरिएको छ :

| विमा कम्पनीको नाम | जोखिमको किसिम | विमाङ्क रकम रु. | प्रिमियमको रकम रु. | प्रिमियमको रकम भुक्तानी मिति | वहाल रहने अवधि |
|---|---|---|---|---|---|
| शिखर इन्स्योरेन्स क.लि. | सम्पत्ति बीमा | १,२५,८८,१९,२३५.७८/- | २८,४४,९५१.४६/- | २०८२/०५/२७ | २०८३/०५/२७ |
| शिखर इन्स्योरेन्स क.लि. | LOP | ३४,१५,१६,९५४.७२/- | ९,६४,८०५.४०/- | २०८२/०५/२७ | २०८३/०५/२७ |
| शिखर इन्स्योरेन्स क.लि. | Third Party | २५,००,०००.००/- | १२,७३२.५०/- | २०८२/०५/२७ | २०८३/०५/२७ |

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु.१०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ग.९. वित्तीय विवरणः

### ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

**(अ) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.व. २०८१/८२ को वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

| **वासलात (आषाढ ३२, २०८२)** | |
|---|---|
| **पूँजी तथा दायित्व** | **रकम रु.** |
| शेयर पूँजी | ९२४,३००,००० |
| जगेडा तथा कोषहरु | २८९,८५५,७२६ |
| शेयरको अग्रिम भुक्तानि | – |
| **कुल इक्युटि** | **१,२१४,१५५,७२६** |
| **गैर चालु दायित्व** | |
| मध्यम र दिर्घकालिन ऋण | १,२५२,२८१,४३५ |
| लीज दायित्व | १,६७७,८६० |
| **जम्मा गैर चालु दायित्व** | **१,२५३,९५९,२९५** |
| **चालु दायित्व** | |
| छोटो अवधिको ऋण | – |
| कर्मचारी सुविधा दायित्व | १,९६९,०७३ |
| व्यापारिक तथा अन्य तिर्न बाँकी | ४२,६२,४५५ |
| अन्य वित्तिय दायित्व | २५,०५,२८४ |
| **जम्मा चालु दायित्व** | **८,७३६,८१२** |
| **चालु दायित्व** | **१,२६२,६९६,१०७** |
| **कुल इक्युटि र दायित्व** | **२,४७६,८५१,८३२** |
| **सम्पत्ति** | **रकम रु.** |
| **गैर चालु सम्पत्ति** | |
